*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५ ९४६६**

*प्रधान सम्पादक*
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५६
नेपाल सम्वत् ११३३
इस्वी सम्वत् २०१२
बिक्रम सम्वत् २०६९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**28th DECEMBER 2012**

| वर्ष- ३० | अङ्क- ९ | योमरी पुन्हि | पौष २०६९ |
|---|---|---|---|





अहिले तिमी पहेँलो पात जस्तै भइसक्यौ, यमदूतहरू तिम्रो सामने खडा छन्, विनाशको खुडकिलामा खडा छौ, तिमीसंग बाटो खर्च पनि छैन ।

अब तिम्रो आयु समाप्त भइसक्यो, यमराजको अगाडि पुगिसक्यौ, बीच बाटोमा तिम्रो निवास छैन बाटो खर्च पनि छैन ।

त्यसकारण तिमीले द्वीप बनाउ, चाँडै कोशिस गरी पण्डित बन, मल रहित काम रहित होऊ । अनि तिमी फेरि जन्म मरणको चक्करमा पर्ने छैनौ ।

जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमनादि गुण छ, त्यस व्यक्तिलाई निर्मल भइसकेको धीर पुरुष तथा स्थविर भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# बुद्ध शिक्षा र वातावरण दिवस

हरेक वर्षको जेठ २३ गतेका दिन विश्व वातावरण दिवस मनाइरहेको कुरा धेरै जसोलाई थाहा भएकै कुरा हो । वातावरणको महत्व विषयमा शिक्षा दिनको लागि वातावरण दिवस मनाउने कार्यलाई पूण्य र धर्मको कार्य मान्न सकिन्छ । किनभने नेपालका कतिपय जनताहरूले वातावरणको महत्व बारे शिक्षा पाउन सकिरहेको देखिंदैन । यस विषयमा प्रचार प्रसार त भइरहेको देखेका र सुनेका पनि छौं । तर प्रचार प्रसारको संगसंगै प्रशस्त रूखहरू काटेर जंगल नै सखाप पारिरहेको समाचार पनि सुन्न परिरहेको छ । परिवारनियोजनको बारेमा प्रचार प्रसार भएनुसार जनसंख्या बृद्धिदर तिब्र भइरहे जस्तै । जे होस्, वातावरणको महत्व विषयमा २५०० वर्ष पहिला नै भगवान् बुद्धले पालि विनयपिटक र सूत्र पिटकमा थुप्रै सन्देशहरू छोडेर जानुभएको उल्लेख छ ।

रूख परोकारको चिन्ह हो । रूखले शीतल छाँया, स्वस्थ हावापानी एवं वातावरण प्रदान गरी वाढी पैरो जस्ता प्राकृतिक प्रकोप जोगाउने उपकार कार्य मात्र गर्दछ । तर त्यसको बदला यसले केही प्राप्त गर्ने आशा राख्दैन ।

रूखको महत्व एवं गुण बुझ्नु भएर नै होला राजकुमार सिद्धार्थ राजकुलको व्यक्तित्व भएर पनि र ाजदरवारको वैभवशाली वातावरणमा जन्मनु भएन । लुम्विनी बनको एक वृक्षमुनि उहाँले जन्म लिनु भयो । त्यति मात्र होइन उहाँले बुद्धगयाको पिपल वृक्ष मुनि बोधिज्ञान प्राप्त गर्नुभयो । बुद्ध हुनभएपछि सारनाथको एक वृक्षमुनि बस्नुभई उहाँले सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्नु भएको थियो । ३५ वर्षको उमेर मा बुद्ध हुनुभएपछि ४५ वर्ष सम्म धर्मप्रचार गर्नुहुँदै ८० वर्षको उमेरमा कुशीनगरको दुइवटा शाल वृक्षहरूको मुनि परिनिर्वाण(फेरि जन्म लिन नपर्ने गरी देहावसान) हुनु भएको थियो ।

एकदिन एक सज्जन व्यक्तिले भगवान् बुद्ध समक्ष गई यसरी प्रश्न सोधेको रहेछ–

“भो शास्ता ! रात दिन उन्नति हुने पूण्य कार्य के होला ?”

भगवान बुद्धले उत्तर प्रस्तुत गर्नुहुँदै भन्नुहुन्छ–

**आराम रोपा बन रोपा ये जना सेतु कारका**<br>**पपंच उदपानं च ये ददन्ति उपस्सयं**<br>**तेसं दिवा च रत्तो च सदा पुञ्ञं पवड्ढति**

– *संयुक्तनिकाय*

*अर्थात्*– जसले फुल र फलफूलको बगैंचा बनाउँछ , वृक्षारोपण गर्छ, इनार, पोखरी, आदि निर्माण गर्छ, यात्रुहरूलाई आराम लिनको लागि सत्तल, धर्मशाला आदि बनाउँछ, नदी तर्ने पुल आदि बनाउने गर्छ, यी उत्तम कार्यहरूले उसको रात दिन पूण्य (धर्म) बढ्ने गर्छ ।

यसरी २५०० वर्ष पहिले नै भगवान् बुद्धले वातावरण राम्रो बनाउने कार्यलाई पूण्य कार्यको रूपमा शिक्षा दिनु भएको छ ।

भगवान बुद्धले फेरि यसरी भन्नुभएको छ–

**“यस्स रूक्खस्स छायाय निसीदेय्य सयेय्य वा**<br>**तस्स साखं भंजेय्य मित्त दुहा हि पापको**

*अर्थ*– “जुन व्यक्तिले रूखको छाँयामा बसी सीतलता प्राप्त गरी सुत्छ, उसले यदी त्यही रूखको हाँगा काट्छ भने त्यस व्यक्ति भित्र द्रोही र विश्वास घाटी पापी हुनेछ ।”

भगवान बुद्धको यी कथनहरूले उहाँ वृक्षारोपण वन संरक्षण एवं स्वस्थ वातावरणको हिमायती हुनुहुन्छ भन्ने प्रमाण दिइरहेको छ ।



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २५६

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**मेत्ता विहारी यो भिक्खु-पसन्नो बुद्ध सासने**
**अधिगच्छे पदं सन्तं-सङ्खारूप समं सुखं**

*अर्थ*– बुद्ध शासनमा प्रसन्न भई मैत्री भावना गर्ने भिक्षुहरूले सबै संस्कारलाई शान्त पारी सुख रूपी शान्ति पद निर्वाण साक्षात्कार गरि लिन्छ ।

**सिञ्च भिक्खु इमं नावं-सित्ता ते लहुमेस्सति**
**छेत्वा रागञ्च दोसञ्च-ततो निब्बानमेहिसि**

*अर्थ*– हे भिक्षुहरू ! यो शरीर रूपि डुङ्गामा परेको मिथ्यादृष्टि पानी फ्याँकीदेउ । यो गह्रौं पानी नभएपछि डुंगा हलुका भएर छिटो अगाडि बढ्छ । राग द्वेषलाई छेदन गरि निर्वाण प्राप्त गर ।

**पञ्च छिन्दे पञ्च जहे-पञ्चुत्तरिय भावये**
**पञ्च सङ्गातिगो भिक्खू-ओधतिण्णोति वुच्चति**

*अर्थ*– पाँचवटालाई काटेर पठाउ, पाँचवटालाई छोडीदेउ, पाँचवटाको भाविता गर, पाँचवठा संयोजन पार लगाई सकेको भिक्षुलाई ओधबाट तरेर गएको भन्दछ ।

**झाय भिक्खू मा च पमादो**
**मा ते कामगुणे भमस्सु चित्तं**
**मा लोहगुलं गिली पमत्तो**
**मा कन्दि दुक्ख मिदन्ति डय्हमानो**

हे भिक्षुहरू ! ध्यान गरेर समय बिताउन खोज, बेहाशी भएर नबस्नु, आफ्नो चित्तलाई कामरागको वशमा नपार, प्रमादी भएर तातो फलामको डल्लो नखानु, यो दुःखले डाह भयो भनी पछि रोई विलाप गर्न नपरोस् ।

**नत्थिझानं अपञ्ञस्स-पञ्ञानत्थि अझायतो**
**यम्हि झानञ्चपञ्ञञ्च-स वे. निब्बान सन्तिके**

*अर्थ*– प्रज्ञा नहुनेसँग ध्यान पनि हुँदैन, ध्यान नहुने प्रज्ञावान हुन सक्तैन । ध्यान र प्रज्ञा दुइटै हुने नै निर्वाणको नजिक पुग्न सक्छ ।

**सुञ्ञागारं पविट्ठस्स-सन्त चित्तस्स भिक्खुनो**
**अमानुसी रति होति-सम्मा धम्मं विपस्सतो**

*अर्थ*– शुन्यागार एकान्तमा बास गर्ने, शान्त चित्त भएका, सम्यक धर्मलाई देख्न सक्ने भिक्षुहरूलाई लोकोत्तर सुखको अनुभव भईरहन्छ ।

**यतो यतो सम्मसति-खन्धानं उदयब्बयं**
**लभति पीति पामोज्जं-अमतं तं विजानतं**

*अर्थ*– यस पञ्चस्कन्धको उत्पत्ति र विनाशको कुरा जति जति मनले बुझ्दै जान्छ, त्यति त्यति नै ज्ञानीहरूलाई प्रीति र प्रमोदरूपी अमृत-पद प्राप्त हुन्छ ।

**तत्रायमादि भवति-इध पञ्ञस्स भिक्खुनो**
**इन्द्रियगुत्ति सन्तुट्ठि-पातिमोक्खे च संवरा**
**मित्ते भजस्सु कल्याणे-सुद्धाजीवे अतन्दिते ।**

*अर्थ*– इन्द्रियलाई वशमा राख्नु, सन्तोष हुनु, भिक्षुहरूको नियम पालन गर्नु, इत्यादि बुद्धिमान भिक्षुहरूले सबैभन्दा पहिले पालना गर्न सक्नु पर्छ, अनि पछि यस्तो भिक्षुहरूले शुद्ध जीविका भएका आलस्य नभएका कल्याणमित्रहरूको सत्संगत गर्नुपर्छ ।

**पटिसन्थारवुत्त्यस्स-आचार कुसलो सिया**
**ततो पामोज्जबहुलो–दुक्ख स्सन्तं करिस्सति**

*अर्थ*– सेवा सत्कार गर्न जानी आचरण राम्ररी गर्न जान्ने व्यक्ति आनन्दित भएर दुःख अन्त गर्न जान्ने हुन्छन् ।

*घटना*– उपरोक्त गाथाहरू भगवान् बुद्धले थुप्रै भिक्षुहरूको कारणमा भन्नुभएको थियो ।

बुद्धको समयमा सोण नामका एक स्थविर आफ्ना उपाध्यायसँग अनुमति लिई आवन्ति प्रदेशको कुरर घरदेखि जेतवन विहारसम्म आएर भगवान् बुद्धको दर्शन गर्न आए । सोण स्थविरले बुद्धसँग रातमा गन्धकुटीमा बस्ने अनुमति लिएर आधि रात पछि गन्धकुटी भित्र पसे । बिहानपख हुँदा तथागतको अनुमतिबाट सोह्रवटा अष्ठक वर्गीकत पुरै लयवद्ध गरी पाठ गरे । जब उसले पाठ पढ्न सिध्याए तथागतले सोण स्थविरको प्रशंसा गर्दै साधुवाद दिनुभयो ।

श्रावस्ती नगरभन्दा सय योजनभन्दा टाढाको



Downloaded from http://www.dhamma.digital

कुररघर नगरमा बसेकी उपासिका सोण स्थविरकी आमाले तथागतले दिनुभएको साधुवादको गुञ्जन सुन्न सकिन्। आफ्नो छोराको प्रशंसनीय धर्म देशनाबाट स्वयं तथागतले साधुवाद दिनु भएको कुरा जानेपछि ती उपासिकाले पछि आफ्नै कुररघर नगरमा छोरा सोण स्थविरको धर्म देशनाको कार्यक्रम आयोजना गरिन् । सोण स्थविर जेतवनबाट फर्केर आएपछि उनकी आमाको प्रबन्धमा भएको धर्मदेशनामा सोण स्थविरको धर्म देशना भयो । उनकी आमा उपासिका पनि एउटी दासीलाई मात्र घरमा छोडी घरका सबैलाई लिएर धर्म देशना दिने स्थलमा पुगेकी थिइन् ।

लामो समयदेखि उक्त उपासिकाको घरमा चोर्ने ताक गरेर बसेका नौ सय जना चोरहरूको एक समूह थियो । उपासिकाको घरमा सुरक्षाको व्यवस्था एकदम पक्का थियो । त्यही कारणले चोरहरूले चोर्न नसकिरहेको थियो । त्यो दिन घरमा कोही नभएको मौका पारी चोरहरू चोर्न उपासिकाको घरमा पुग्यो । चोर समूहको नाइके भने धर्मदेशना भई राखेको ठाउँमा उपासिकाको नजीक पर्खीरहेका थिए, केही गरी उपासिकाले आफ्नो घरमा चोरी भएको थाहा पाएर त्यहाँबाट जान खोजे त्यहिं उनको हत्या गर्ने नियतले ।

चोरहरूले आफ्नो दाउले उनको घरमा सिक्का, नगदको ढुकुटी चोर्न भ्याए । घरमा कुरेर बसेकी दासीले दौडेर मालिकनीलाई आफ्नो घरमा चोरी भई रहेको भन्न गए । उपासिकाले दासीलाई भनिन्– "चोरहरूले चोरे चोर्न देउ । म मेरो छोराको धर्म देशना सुनिरहकी छु । मेरो धर्म श्रवणमा बाधा नपुऱ्याउ ।

त्यसपछि त चोरहरूले सुनको सिक्काहरू राखेको ढुकुटी पनि फोरेर त्यहाँ पनि सखाप पारे । दासीले आफ्नो मालिक्नीको सम्पत्ति चोरले चोर्दै गरेको हेर्नै सकेन । फेरि गएर मालिक्नीलाई भन्न गए । अब त उपासिका दिक्क मानेर दासीलाई गाली गरिन्– "मैले कति चोटि भन्नु तिमीलाई ? चोरहरूले चोरे चोर्न देउ । मेरो धर्मश्रवणमा बाधा नपुऱ्याउ भनेर । जाउ फर्क तिमी ।"

चोरको नाइकेले यो जम्मै चोरी चोरी हेरीरहेका थिए । सुनी रहेका थिए । उनीलाई मनमा पछुतो लागेछ, "मैले यस्ति श्रद्धावान् उपासिकाको धन सम्पत्ति चोरें भने ठूलो विपाक भोग्नु पर्नेछ ।" यस्तो सोची दौडेर आफ्नो चोर साथीहरू कहाँ गएर चोरेको माल जम्मै फिर्ता राख्नुपर्ने कुरा सुनाउनु गए । चोरहरूले पनि कुरा बुझे पछि एक मत भयो र जहाँ जहाँबाट चोरेको हो त्यहिं, त्यहिं फिर्ता राखे । चोरहरू पनि धर्म देशना भएको स्थलमा गएर धर्मको कुरा सुन्न गए ।

रातभर धर्म देशना गरेपछि बिहान स्थविर धर्मासनबाट तल आउनुभयो । त्यही क्षण चोरको नाइकेले उपासिकाको पाउ ढोगी क्षमा मागे । उपासिकाले पहिले कुरा बुझिनन् र पछि कुरा जानेपछि भैहाल्यो तिमीहरूलाई क्षमा भयो भनिन् ।

चोरको नाइकेले बिन्ति गरे– "यदि हामीलाई साँच्चै क्षमा गर्ने हो भने हामीलाई पनि तपाईंको छोरा स्थविरकहाँ प्रव्रजित गराई दिनुस् ।" उनीहरूको आग्रह अनुसार ती नौसय जना चोरहरूलाई प्रव्रजित गराए । सोण स्थविरले उपसम्पन्न गर्दा ती सबैलाई अगल अलग कर्मस्थान भावना सिकाई दिनुभयो ।

ती नौ सय जना भिक्षुहरूले अलग अलग नौसयवटा कर्मस्थान ग्रहण गरी एउटा पर्वत चढी एक एक रूखमुनि बसी श्रमण धर्म पालना गरिरहे ।

अब यी भिक्षुहरूलाई उद्धार गर्ने हेतु भगवान बुद्धले जेतवन विहारमैं बसेर यिनीहरूको चर्या अनुसार धर्म देशना दिने मनले रश्मि फिजाई उनीहरूकै अगाडी बसी उपदेश दिनु भएको जस्तो गर्नुभयो र उपरोक्त गाथाहरूमा भन्नुभयो ।

यस प्रकार, नौ वटा गाथाद्वारा तथागतले धर्म देशना गर्नु भएपछि ती नौ सय जना नव प्रव्रजित भिक्षुहरूले अरहत पद लाभ गरे । ❖

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| *मिति* | *बुद्धपूजा* | *धर्मदेशना* |
|---|---|---|
| २०६९ मंसिर १ गते | पञ्ञावती गुरुमां | पञ्ञावती गुरुमां |
| २०६९ मंसिर ६ गते | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६९ मंसिर १३ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६९ मंसिर २१ | रमावती गुरुमां | दानवती गुरुमां |
| २०६९ मंसिर २८ | केशावती गुरुमां | केशावती गुरुमां |



Downloaded from http://www.dhamma.digital

# दुःखको कारणः कामना

✍ सत्यनारायण गोयन्का

आवश्यकता पूर्ति नहुनुको कारणले नै दुःख हुन्छ । आवश्यकता दुई प्रकारका छन्: प्राकृतिक र कृत्रिम । शरीरलाई जीवन्त राख्नको लागि अत्यावश्यक आवश्यकता प्राकृतिक हो । भोक-प्यास हटाउनको लागि खाना आवश्यक हुन्छ । यो प्राकृतिक आवश्यकता हो । अर्को आवश्यकता मानिस स्वयं आफ्नो इच्छाबाट उत्पन्न गर्दछ, जस्को अभावमा पनि ऊ बाँच्न सक्दछ जस्तै रेडियो, टेलिभिजन, मोटर आदि;यी कृत्रिम आवश्यकता हुन् ।

आजको आधुनिक युगमा प्राकृतिक आवश्यकता थोरै परिश्रमबाट नै उपलब्ध हुन्छ। अतः आजका मानवका दुःखका कारण प्राकृतिक आवश्यकताले होइन। आजभन्दा दुइसय वर्ष पूर्व कृत्रिम आवश्यकताका वस्तुहरू रेडियो, टेलिभिजन आदि थिएनन् । ती वस्तु नहुँदा पनि त्यस समयका मानिसहरू आनन्दपूर्वक जीवन बिताउँदथे । त्यसको कमीबाट कुनै दुःख थिएन । यसबाट के सिद्ध हुन्छ भने कृत्रिम आवश्यकताका वस्तुहरूको अभावसंग दुःखको केही सम्बन्ध छैन । यदि वस्तुहरूको अभावमा दुःख हुने हो भने ती वस्तुको कमी हुने व्यक्तिहरूलाई अधिक दुःख हुनु पर्छ । संसारका सम्पूर्ण वस्तुहरूको धनी कोही पनि हुन सक्दैन । संसारका अनगिन्ती मानिसहरूमा अनगिन्ती वस्तुहरूको कमी हुन्छन्, परिणाम स्वरूप तिनीहरूलाई असीम दुःख हुनुपर्ने हो । धनाढ्यहरूका तुलनामा गरीब र साधु-सन्यासीहरूसंग सुख भोग गर्ने वस्तुहरूको अधिक अभाव हुन्छ । अतः अवश्य पनि तिनीहरूलाई बढी दुःख हुनु पर्ने हो । परन्तु त्यसको ठीक विपरीत धनवानहरू गरीब तथा सन्यासीका तुलनामा अधिक चिन्तीत हुन्छन् । अधिक दुःखी हुन्छन्। यसबाट के सिद्ध हुन्छ भने वस्तुको अभाव र दुःख यी दुई बीच एक आपसमा केही सम्बन्ध छैन ।

उपरोक्त तथ्य बुझ्नको लागि प्राचीन र अप्राचीन कालमा उपलब्ध सुख सामग्रीका बारेमा बिचार गरौं । प्राचीन कालका सम्राटहरू, सेंठहरू र सर्वसाधारण व्यक्तिहरूसंग भूमि, भवन, पशु, मुद्रा, सुन, चाँदी, रत्न आदि धन वैभव आजका व्यक्तिहरूको तुलनामा कम थियो । यदि धन-सम्पत्ति आर्जन गर्नु केवल इन्द्रिय सुख भोगका सामग्री प्राप्त गर्नको लागि मात्र हो भने प्राचीन कालका सम्राटका अपेक्षा वर्तमान कालका व्यक्तिहरूसंग सुख सामाग्रीहरू धेरै गुणा उपलब्ध छन्। त्यसर्थ प्राचीन कालका मानवका तुलनामा आजका मानव धेरै गुणा सुखी हुन पर्दथ्यो। तर उनीहरू धेरै दुःखी छन्। यस विसंगतिको कारण खोज्नको लागि प्राचीन समयमा उपलब्ध सुख सामग्री तथा जीवनका बारेमा विचार गरौं ।

प्राचीन समयका सम्राट तथा सेंठ महाजनहरूको खाने खाद्य पदार्थ जम्मा तीस-चालीस परिकारका हुन्थे । तर आज सयौं प्रकारका मिठाईहरू, नुनिलो, चूर्ण, अमिलो आदि पाइन्छन्। जस्को स्वाद पाउन त परै जावस् त्यसको नामसम्म पनि त्यस समयका सम्राटहरू जान्दैनन् थिए । तर आजका सवंसाधारण व्यक्तिहरूले पनि किनेर खान सक्छन्। संख्या र स्वाद यी दुवै दृष्टिमा पहिलेभन्दा धेरै परिमाणमा खाद्य वस्तुहरू आज जन साधारणको लागि पनि उपलब्ध छन् ।

सुँध्ने पदार्थलाई नै लिऊँ, त्यसबेला केही प्रकारका सुगन्धित पदार्थ सम्राटहरूले प्रयोग गर्दथे । जब कि आजकल साधारण व्यक्तिहरू पनि सयौं प्रकारका सुगंधित पदार्थहरू प्रयोग गर्न सक्छन् प्राचीन समयमा मनमोहक वस्तुहेर्नको लागि केबल आफ्नो राज्यमा रहेको महल, बगैंचा आदि मात्रै हुन्थ्यो । आजकल टेलिभिजनमा संसार भरका प्राकृतिक स्थान, विशाल भवन, ठूला शहर आदि केही घण्टा भित्र मैं हेर्न सकिन्छ। पहिलाका सम्राटको सम्पूर्ण जीवनमा देख्न नसकिनेभन्दा अधिक मनमोहक दृष्यहरू आजका साधारण मानिसहरू टिभीमा हेर्न सक्छन् ।

त्यस्तै मनमोहक वाद्य धुनहरू, संगीत सुन्नको लागि लायक गायिकाहरू राख्नु पर्दथ्यो । जो समय समयमा मात्रै निश्चित राग रागनियाँ र गीत सुनाउन सक्दथे । आजकालका निम्न स्तरका व्यक्तिहरूले पनि त्यस समयका सम्राटहरूको तुलनामा अधिक गीतहरू जहाँ तहीं बसेर सुन्न सक्छन् । आफूलाई मन पर्ने मनोरञ्जनात्मक साधनहरू हेर्ने इच्छा भएमा त्यस समयमा नृत्य,नाटक, खेल-तमासा, गोष्ठीहरू आदि हेर्नु पर्दथ्यो । आजको यस युगमा त्यस समयकाभन्दा सयौं गुणा सुन्दर साधन सिनेमा, सर्कस, टेलिभिजन आदि हेरेर मनोरञ्जन गर्न सक्छन् ।



Downloaded from http://www.dhamma.digital

संग्रहालयमा राखिएका पहिलाका राजाहरूका वस्त्रहरू आजका कुनै माग्नेलाई दुइचार दिन लगाई राख्नको लागि दिएमा शायद उसले लुगा लगाउन चाँहदैन होला । त्यस समयका ती कपडा गह्रौं र ज्यादै असुविधाजनक छन् । आजकलको टेरिकटन, पोलिस्टर, टेरिलीन, झिलीमिलि छपाई, रंगीन, अनेक प्रकारका डिजाईनहरूका वस्त्रहरूका समक्ष ती वस्त्रहरू निम्न श्रेणीका देखिन्छन् । आज सुन्दर मजबुत वस्त्रहरू सबै जनाले लगाउन पाउँछन् । सौन्दर्य, सजावट, फैशन, सुखप्रदता र सस्तोपनामा पनि आजको वस्त्र पहिलेभन्दा बिसौं गुणा विशिष्ट छन् ।

यातायातकै साधनलाई हेर्‍यौं भने पनि पहिला एकसय माइल टाढा जानु पर्‍यो भने कम्तिमा दुई दिन लाग्दथ्यो । घोडा, हात्ती, उँट आदि चढेर जानु पर्दथ्यो । यति लामो यात्रा सुरक्षित पूर्वक यात्रा गर्नु नै अधिक थियो । परन्तु आजकल कोही पनि व्यक्ति सयौं माइलको यात्रा आराम पूर्वक, निश्चित र सुरक्षापूर्वक गर्न सक्छन् ।

त्यस समयमा गर्मी महिनामा बरफ खाने इच्छा भएमा हिमालयबाट ल्याउनु पर्दथ्यो त्यो पनि ल्याउँदा ल्याउँदै बाटैमा पग्लीसकेको हुन्थ्यो । तर आज पच्चीस पैसाले बच्चाले पनि बरफको शितल अनुभव गर्न सक्छन् ।

पहिला विदेश गएको कोही व्यक्तिलाई चिठ्ठी पठाइयो भने महिना दिनमा पनि पुग्दैनथ्यो । तर आज संसारको कुनै पनि ठाउँमा बसेको व्यक्तिको सन्देश टेलीफोन, फ्याक्स, ईमेल आदिबाट तुरून्तै प्राप्त गर्न सकिन्छ, त्यो पनि प्राचीन समयको तुलनामा ज्यादै कम खर्चमा ।

भौतिक विज्ञानको यस युगमा साधारण व्यक्तिले पनि सुखका अनेक सामग्री प्रयोग गर्न पाएका छन् । जुन पहिलाका महाराजाहरू अशोक तथा अकबरले पनि पाएका थिएनन् ।

यदि सुख भोगका सामग्री उपयोग गर्दैमा सुख हुने भए आजका साधारण व्यक्तिहरूसंग पहिलाका सम्राटहरूको तुलनामा अधिक सामग्रीहरू छन् । यसो हो भने आजका व्यक्तिहरूले अधिक सुखी हुनु पर्ने हो । आजका सम्पत्तिवान व्यक्तिहरू त सयौं गुणा सुखी हुनु पर्ने,परन्तु त्यसको ठीक उल्टो छ । आजका धनाढ्यहरू सबभन्दा दुःखी छन् । उनीहरू निन्द्रा आउने औषधी नखाई सुत्न पनि सक्दैनन् । दुःख बिर्सनको लागि रक्सी आदि नशा सेवन गर्दछन् । यस दुखद स्थितिको उत्पत्तिको रहस्य थाहापाउनको लागि पहिलाका सम्राट र आजका व्यक्तिहरूको जीवनलाई राम्ररी हेरौं ।

सम्राट अशोक र अकबरसंग प्रशस्त धन भएतापनि तिनीहरूसंग आजको जस्तो पंखा रेडियो, टेलिभिजन, टेलिफोन, कार, प्लेन आदि सुख सामग्री थिएनन् । तथापी ती बस्तुको अभावमा उनीहरू दुःखी थिएनन् । आजका साधारण व्यक्तिहरू पनि ती वस्तुहरूको अभावमा दुःखी हुन्छन्, तडपिन्छन् । यसबाट यो स्पष्ट हुन्छ कि दुःखको कारण वस्तुको अभाव होइन्, कामना हो,इच्छा हो । आफ्नो इच्छानुकुल नभएतापनि जब चित्त शान्त हुन्छ तब शान्त चित्त समतामा रहन्छ । यही नै सुख हो । एउटा अर्को उदाहरण हेरौं ।

एउटा सानो गाउँको एकजना बच्चालाई उनको आमाले कुनै शहरमा लगेछ । उसले शहरमा कुनै खेलौना पसल देखेछ ती खेलौना देखेर उनमा खेलौना प्राप्त गर्ने कामना उत्पन्न भएछ, कामना उत्पन्न हुने बित्तिक्कै त्यसको पूर्तिको लागि ब्याकुल हुन थाल्छ, अशान्त हुन थाल्छ । ती बालकले आफ्नो चाहना अनुरूप खेलौना प्राप्त नहुँदा दुःख महसुस गर्छ । ती खेलौनाहरू उसले पहिला कहिले पनि देखेका थिएनन् । उस्को गाँउमा पनि त्यस्ता खेलौना थिएनन् । परन्तु गाउँमा खेलौना नभए पनि उसलाई कुनै दुः ख थिएन । दुःख यदि खेलौनाको अभावले भएको हो भने पहिलो पनि दुःख हुनु पर्ने हो । यसबाट यो स्पष्ट हुन्छ कि बच्चालाई दुःख खेलौनाको अभावले होइन खेलौना प्राप्त गर्ने कामनाले भएको हो अतः दुःख वस्तुको अभावले होइन, इच्छा उत्पत्तिले हुन्छ । यो त सबैले जान्दछ कि कुनै अज्ञात वस्तुको अभावमा दुःख हुँदैन । दुःख तब हुन्छ जब व्यक्ति त्यस वस्तुको बारेमा जानकारी प्राप्त गर्छ । उसले स्वीकार्छ कि त्यस वस्तुको प्राप्तिले सुख हुन्छ । तब त्यस वस्तुको प्राप्त गर्ने इच्छा तीब्र हुन थाल्दछ । कामना उत्पन्न हुनाले नै चित्त अशान्त हुन्छ । चित्त अशान्ति हुनु नै दुःख हो । वस्तुको अभावले दुःख हुन्छ, वस्तुको प्राप्तिले सुख हुन्छ भन्ने मिथ्या धारणा रहेसम्म वस्तु प्राप्त गर्ने इच्छा उत्पन्न भैरहन्छ । नयाँ दुःख पलाइरहन्छ ।

कामना त्यागेमा सुख हुन्छ भन्ने तथ्य राम्ररी बुझेमा कुनै नयाँ वस्तु, नयाँ विषय पाउने इच्छा हुँदैन । दुःखी हुँदैन परन्तु जबसम्म यी कुराहरूलाई



Downloaded from http://www.dhamma.digital

बुझ्दैन, स्वीकार्दैन तबसम्म मीठो खाने, पिउने, मोजमज्जा गर्ने, सुन्ने सुँघ्ने आदि इन्द्रिय भोगको पछि लागिरहन्छ। ती वस्तुहरूको प्राप्तिले नै सुख हुन्छ भन्ने धारणा लिइराखेको हुन्छ । ती वस्तु परिपूर्ति भएन भने दुःखी हुन्छ ।

अतः जति कामनाहरू बढ्दै जान्छ त्यति नै दुःख बढ्दै जान्छ । संसारको सारा सम्पत्ति भएतापनि नयाँ वस्तुको चाहना उत्पन्न भइरहन्छ । सन्तुष्ट हुँदैन र असन्तुष्टीको कारणले नयाँ कामनाहरू वासनाहरू उत्पन्न भई रहन्छ र ब्याकुलता बढीरहन्छ। अतः नयाँ कामना जगाएर स्वयं आफूलाई बढी दुःखी नबनाउँ । आफ्ना भोगीय वस्तुलाई सिमीत गर्नु नै बुद्धिमानी हुनेछ । जबसम्म भोगीय वस्तुमा नियन्त्रण गर्न सक्दैन तबसम नयाँ कामनाहरूले हाम्रो चित्तलाई अशान्त बनाइराख्दछ। जसबाट हामी दुःखी हुन्छौं ।

अतः जुन वस्तुको उपयोग अहिले गरिरहेका छौ त्यसलाई कम गरौं अथवा त्यागौं इन्द्रिय सुख भोग्नेले अवश्य पनि दुःख भोग्नु पर्छ । संसारमा हुने दुःख सबै इन्द्रिय सुख भोग्नुको कारणले नै हो । प्रकृतिको यस नियमलाई बुझेर इन्द्रिय सुख भोग अथवा कामनालाई त्यागेमा नै शान्ति प्राप्त हुन्छ। कामना रहित हुँदा हुने शान्ति, समता स्वाधिनता र प्रसन्नताको अनुभूति कामनाहरू पूर्ति नुहँदा हुने अशान्ति, व्याकुलता, पराधीनता आदिबाट हुने दुःखसंग तुलना गरौं। शान्ति, प्रशन्नता बनाई राख्नको लागि कामना रहित हुने प्रयास निरन्तर गरिरहौं । यही नै सत्य-शाश्वत सुख र अमरत्व प्राप्त गर्ने मार्ग हो ।

कामनाबाट नै दुःखको उत्पत्ति हुन्छ भन्ने जान्दा जान्दै पनि हामी फेरि कामना किन जगाँउछौ ? यो प्रश्न सबैलाई उठ्छ। राम्ररी मनन गऱ्यो भने यो थाहा पाउँछौं कि यस सत्यलाई हामीले केवल बुद्धिले मात्र स्वीकार गरेका छौ । भित्रबाट स्वीकार गरेका छैनौं । कुनै पनि कुरा हृदयदेखि तबमात्र स्वीकार्न सक्छ जब स्वयं आफ्नै अनुभवले प्रत्यक्षतः जान्दछ । प्रत्यक्ष अनुभवको लागि विपश्यना साधना बढी उपयोगी हुन्छ। विपश्यी साधक अन्तर जगतमा प्रकट हुने संवेदनालाई समता पूर्वक जान्दछ । त्यस समयमा जुन चाहना अथवा कामना उत्पन्न हुन्छ, त्यस सम्वेदनालाई हेर्दछ र थाहापाउँछ कि त्यस चाहनाले तनाव बढाउँछ र समता भंग गरेर चित्त अशान्त बनाउँदछ। साधक त्यस अशान्तिलाई प्रत्यक्षतः दुःख अनुभव गर्दछ र दुःखबाट छुटकारा पाउन चाहन्छ । अतः विपश्यी साधकले कामनालाई आरम्भमा नै रोक्ने प्रयास गर्दछ र त्यसलाई बढन् दिदैंन। फलस्वरूप कामना प्रति विजय प्राप्त गर्दछ ।

*(साभार- 'विपश्यना' आश्विन २०५२)*

❖

## नाम प्रष्टाइएको बारे सूचना

धर्मकीर्ति वर्ष ३०, बु.सं. २५५६ सकिमना पुन्हि, अङ्क ८ को पत्रिकाको पेज १३ मा उल्लेखित लेख "निर्वाण कामीका नाममा जागरण पत्र" को लेखक दो.र.शा.को पूरा नाम दोलेन्द्र रत्न शाक्य संखमूल रहेको जानकारी हालसालै मात्र प्राप्त हुन आएकोले यही सुचनाबाट पाठक वृन्दहरूलाई लेखकको नाम प्रष्टाइएको छ ।

**– धर्मकीर्ति पत्रिका**

## धर्मप्रचार समाचार

### मैत्री बोधिसत्व महाविहारमा बुद्धपूजा

*२०६९ पौष ५ गते विहीवार*

यसदिन मैत्री बोधिसत्व विहार जमलमा कुसुम गुरूमांले बुद्ध पूजा कार्यक्रम सञ्चालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो । धर्मकीर्ति ज्ञानमाला भजन समूहले भजन प्रस्तुत गरेको उक्त कार्यक्रममा दाता सुवर्णकेशरी चित्रकार एवं प्रीति हीरा शाक्यको माता हीरादेवी तुलाधरको तर्फबाट जलपान व्यवस्था मिलाई पूण्य सञ्चय गरिएको थियो। दाता परिवार को तर्फबाट प्रव्रजित गुरूमांहरूलाई भोजनदान पनि गर्नु भएको थियो । दाता परिवारले धर्मकीर्ति ज्ञानमाला भजनलाई रु. ३०००/– चन्दा प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा चम्पा पुचः ध.की.को तर्फबाट जमोबहालमा राख्नका लागि त्रिपाल दान गर्नु भई पूण्य सञ्चय गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

# कोक शिकारीको पतन

✍ भिक्षु अश्वघोष

बुद्धकालिन घटना हो । पशुपंक्षी सिकार गरी जीविका चलाउने कोक नामक सिकारी थियो । सिकार खेल्न जाँदा उसले सिकारी कुकुरहरूको एक समूह वटुलेर जाने गर्थ्यो । त्यसैले उसको नाम नै कुकुर शिकारी रहन गयो ।

एकदिन आफ्नो जीवनचर्यानुसार उ कुकुरको वथान लिई सिकार खेल्न जंगल तर्फ जाँदा भिक्षाटनको लागि आइरहनुभएको भिक्षुसंग उसको जम्का भेट भयो । उसले त्यसबेलाको अन्धविश्वासी कथनलाई विश्वास गर्दै विचार गर्न थाल्यो । "एकाबिहानै टाउको खौरिएको मुण्डन व्यक्ति देख्यो भने अमंगल हुन्छ भनेको अब मेरो साइत विग्रियो । सिकार भेटिने हो कि होइन ।" यसरी भिक्षुलाई देख्ने वित्तिकै अशुद्ध मनको वसमा गई नकारात्मक भावना सृजना गरेको फलस्वरूप त्यस दिन उसलाई केहीपनि सिकार प्राप्त भएन । अनि विहान भेटिएको भिक्षु सम्झी सम्झी सिकार नभेटिनुको प्रमुख कारण त्यही भिक्षु नै हो भनी रिसाउँदै फर्किरहेको सिकारीले बाटोमा फेरि त्यही भिक्षुलाई देख्यो । भिक्षुलाई फेरि देख्ने वित्तिकै उसले विहान त्यस भिक्षुलाई देखेकोले अमंगल भई सिकार प्राप्त भएन, साँझ फेरि त्यही भिक्षु देखेको कारणले वेलुकीको खाना समेत प्राप्त हुने भएन भनी उसको रीसको सिमाना नाघी भिक्षुलाई मार्ने विचार गर्‍यो । त्यसैले उसले भिक्षुलाई मार्नको लागि सिकारी कुकुरहरूलाई छाडिदियो । भिक्षु ज्यान बचाउनको लागि नजिकैको रूखमा चढ्न पुग्यो । सिकारीले आफूसंग भएको धनुष बाणको चुच्चोले भिक्षुको पाइतालामा घोच्न थाल्यो । ज्यान बचाउने आशाले हतरपतर रूख चढ्न पुगेको भिक्षुको चीवर फुट्किएर तल झर्‍यो । चीवर फुट्किएर तल झर्दा भिक्षुको पाइतालामा बाणले घोचिरहेको सिकारीको जीउमा चीवरले छोपिन पुग्यो । सिकारीको शरीर चीवरले ढाकेको कारणले कुकुरहरूको मनले भिक्षु रूखबाट तल खस्यो भन्ने ठानी चीवरमा लपेटिएको सिकारीलाई मर्ने गरीनै टोकिदियो । पछि उनीहरूले भिक्षु रूखमा देखेर सिकारी मरेको सत्यतालाई बुझ्रेपछि कुकुरहरू सबै डराएर त्यहाँबाट जंगलतर्फ भागे ।

यो दृष्य देखी भिक्षु ज्यादै दुखी भयो । रूख चढ्दा चीवर सम्हाल्न नसकी तल खसेकोले त्यही चीवरले सिकारीको शरीर छोप्न पुग्यो, जसले गर्दा सिकारी कुकुरहरूले भिक्षु भन्ठानी सिकारीलाई टोकेर मारिदियो । त्यसैले भिक्षुले उसलाई प्राण घातको पाप लाग्ने भयो भनी पीर लिन थाल्यो । उसले पालन गर्दै आएको शील नष्ट हुने भयो भनी अन्तरद्वन्दमा पर्न थाल्यो । पश्चातापमा परी दुखीत भएको त्यस भिक्षु भगवान् बुद्ध समक्ष गई सबै घटना बताई क्षमा माग्न थाले ।

भिक्षुको कुरा सुनी भगवान बुद्धले भन्नुभयो– "तिमीले यस घटनालाई सम्झी पश्चाताप गर्नुपर्दैन । सिकारीले तिमी निर्दोष ब्यक्तिलाई मार्ने कुचिन्तना गर्‍यो । त्यही पाप चेतनाले गर्दा उसको पतन भएको हो । चीवर खसी सिकारीलाई छोपेको कारणले सिकारी मरेपनि यस घटनामा तिम्रो दोष छैन । किनभने पाप भोगाउने पाँचवटा कारणहरू यसरी छन् –

(१) जीवित प्राणी हुनुपर्छ (२) जीवित प्राणी हो भनी आफुले थाहा पाएको हुनुपर्छ (३) मार्ने चेतना हुनुपर्छ (४) हत्या गर्ने प्रयत्न हुनुपर्छ । (५) मरेको हुनुपर्छ ।

यी पाँचवटा अङ्गहरू पूरा भएको खण्डमा मात्र हिंसा कार्य पूरा हुन्छ । कोक सिकारीको मरण घटनामा तिम्रो तर्फबाट यी ५ वटा अङ्ग प्रयोग नभएकोले तिमीलाई पाप लाग्दैनौ

भगवान् बुद्धले फेरि भन्नुभयो–

**यो अप्प दुट्ठस्स नरस्स दुस्सति**
**सद्धस्स पोसस्स अनंगणस्स**
**तमेव बालं पच्चेति पापं**
**सुखमो रजो पटिवातं व खित्तो**

अर्थ– जताबाट हावा वगेको छ, उतातिर धुलो फ्याँक्यो भने त्यो धुलो आफैतिर आए झैं निर्दोषी, शुद्ध क्लेश रहित पुरूषलाई गरेको दोषारोपणको प्रतिफल पनि आफैलाई पर्न आउँछ । ❖



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास भाग दुई–१

✍ के.श्री धम्मानन्द
*अनुवादक*– प्रकाश वज्राचार्य

## किन केही प्रश्नहरूका उत्तर दिइएन ?

जब प्रश्नकर्ता आफ्नै प्रश्नको सही उत्तर बुझ्न नसक्ने अवस्थामा हुन्छ, बुद्ध मौन रहनु हुन्थ्यो ।

कुनै कुनै दार्शनिक प्रश्नहरू गरिंदा बुद्ध मौन र हनु हुन्थ्यो । बुद्धको यस मौनताले गर्दा आफ्नै गलत फहमीले गर्दा कोही कोही विद्वानहरू गलत निष्कर्षमा पुगे । यो कुरा सही हो कि यी विषयहरूमा भ्रम पैदा नहोस् भन्ने खातिर नै बुद्धले यी प्रश्नको उत्तरमा "हो" वा "होइन" भन्नु भएन । जब बुद्धले थाहा पाउनु हुन्थ्यो कि प्रश्नकर्तामा त्यस प्रश्नका ठिक उत्तर बुझ्ने क्षमता छैन, उहाँ मौन रहने गर्नुहुन्थ्यो । यी प्रश्नहरूमा बुद्ध मौन रहनु हुन्थ्यो–

क) के यो ब्रह्माण्ड नित्य छ वा छैन ?
ख) के यो ब्रह्माण्डको कुनै अन्त छ वा छैन ?
ग) के आत्मा र शरीर एउटै हो वा हौइन ?
घ) के बुद्धहरू परिनिर्वाण पछि रहनु (बाँच्नु) हुन्छ वा हुन्न ?
ङ) के बुद्धहरू परिनिर्वाण पछि रहनु हुन्छ पनि र रहनु हुन्न पनि वा होइन ?

बुद्धले यी प्रश्नहरूलाई सारहीन, अन्त्य नहुने छलफलको रूपमा लिनु हुन्थ्यो त्यसैले उहाँ मौन रहनु भयो । तर कसैले यो भन्न सक्दैन कि यी प्रश्नहरूको उत्तर वहासँग नभएर नै बुद्ध मौन रहेको थियो ।

## शास्वतवाद र उच्छेदवाद

बुद्धले उच्छेदबाद र शाश्वतबादका दुबै अन्तलाई अस्वीकार गर्नु भयो ।

सम्यकदृष्टि वा ठीक दृष्टिलाई बुझ्नको लागि सबभन्दा पहिले गलत, अपरिपक्व वा मिथ्या मानिएका दुई दृष्टिलाई बुझ्नुपर्छ । पहिलो दृष्टि हो शाश्वत दृष्टि । यो सिद्धान्त वा विश्वास आध्यात्मिक जीवन वा आध्यात्मिक कुरासँग सम्बन्धित छ । बुद्धको समय भन्दा पहिले यस्तो शिक्षा दिइन्थ्यो कि हामीमा कुनै यस्तो कुरा छ जो सदैव रहिरहन्छ र परमात्मासँग मिलनको लागि हामीले आध्यात्मिक जीवन जिएर त्यस नित्य आत्माको रक्षा गर्नुपर्छ । बुद्ध धर्ममा यसलाई "शाश्वतदिठ्ठी" भनिन्छ । यस्ता धारणाहरू आधुनिक युगमा पनि बाँकी नै रहेका छन् ।

बुद्धले शाश्वतदिठ्ठीको सिद्धान्तलाई किन मान्नु भएन वा अस्वीकार गर्नु भयो ? किनभने जब हामी यस संसारमा कुराहरूलाई सही रूपमा देख्छौं वा बुझ्छौं, त्यस्ता कुनै पनि कुरा हामी पाउन्नौं जो नित्य छ वा जो सदासर्वदा रहिरहन्छ। सबै कुराहरू परिवर्तन हुन्छन् र परिवर्तन हुन्छन् र परिवर्तनशील सिद्धान्तमा आधारित भएकोले त्यस अनुसार परिवर्तन भई नै रहेकाछन् । जब हामी कुनै कुरालाई त्यसका तत्व (धातु) वा वास्तविकताको रुपमा विश्लेषण गरेर हेर्छौं तब हामी कुनै त्यस्तो कुरा (आत्मा) वा नित्य र सधै रहिरहने कुरा पाउन सक्दैनौं त्यसैले नै यस शाश्वतदिठ्ठीलाई गलत वा मिथ्या मानिएको छ ।

दोस्रो गलत धारणा हो उच्छेददिठ्ठी वा मृत्यु पछि कुनै जन्म नै छैन भन्नेहरूको विचार । यो एक भौतिक दर्शन हो । जसले आध्यात्मिकतालाई अस्वीकार गर्दछ । जीवनलाई पूर्ण रूपले भौतिकवादी भएर हेर्नु जीवनलाई आम्शिक र अपूर्ण रूपमा बुझ्नु हो । जीवनको यस पक्षलाई पनि बिर्सन सकिंदैन जुन आध्यात्मिकतामा आधारित छ । कुनै पनि कुराको अन्त्यपछि त्यो फेरि अर्को रूपमा बन्दैन भनेर यदि कसैले विश्वास गर्छ भने यहाँ मानसिक पक्षलाई अस्वीकार गरिएको छ । हामीले भौतिक एवं मानसिक दुबै पक्षलाई विचार गरेको एवं बुझेको हुनुपर्छ । हामीले भौतिक एवं मानसिक दुबै पक्षलाई बुझिसकेपछि मृत्युपछि अर्को जन्म हुँदैन र अन्त पछि फेरि अर्को वन्दैन भनेर भन्न सक्दैनौ । जीवन सम्बन्धी उच्छेदवादीहरूको यो विचार मिथ्या छ किनभने यो पूर्ण एवं दोष रहित छैन । त्यसैले नै बुद्धले पनि यस दृष्टिलाई स्वीकार्नु भएन । भगवान बुद्धले मृत्युपछि सम्पूर्ण रुपमा अन्त हुने शिक्षा सिकाउनु भएन भन्ने कुरा प्रमाणित गर्न कर्मको सिद्धान्त नै काफी छ । बुद्ध धर्मले "जीविततता" लाई मान्छ तर कुनै नित्य आत्माको रुपमा नभई कुनै नविकृत जीवको रूपमा । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बुद्धको उपस्थापक भिक्षु आनन्द

✍ पूर्णमान महर्जन

सिद्धार्थ गौतमको ६ वर्षसम्मको दुष्कर चर्या पछि ३५ वर्षको उमेरमा बुद्धत्व प्राप्त भयो, बोधिज्ञान लाभ भयो । बुद्धत्व प्राप्ति पछि प्रथम पटक कपिलवस्तु जानु भएको बेला वहाँको धर्मदेशनाबाट प्रभावित भएर राजकुमारहरूसहित धेरै व्यक्तिहरू प्रव्रजित भए । आनन्द, अनुरूद्ध, भग्गु, किम्विल भद्दिय, देवदत्त र उपालि गरी सातजना एकैसाथ प्रव्रजित भएका हुन् । भिक्षु आनन्द शुद्धोदनका भाई शुक्लोदनका छोरा हुन् । यसैले आनन्द भगवान बुद्धको काकाको छोरा या भाई हुन । भिक्षु आनन्द तुलनात्मक रूपमा बढी निष्ठावान् भएको हुनाले भिक्षु संघले वहाँलाई भगवान बुद्धको ५५ वर्षको उमेरमा बुद्धको सेवाटहल गर्न उपस्थापकको जिम्मेवारी सुम्पेको थियो । उपस्थापकको जिम्मेवारी वहन गर्नु अघि आनन्दले बुद्धको समक्ष ४ वटा अस्वीकारात्मक र ४ वटा स्वीकारात्मक प्रार्थना गर्नु भएको थियो । अस्वीकारात्मक प्रार्थनाहरू:-

(१) बुद्धलाई प्राप्त भएका राम्रा राम्रा चीवर आनन्दलाई प्रदान नगर्ने ।
(२) बुद्धलाई प्राप्त मिठोमिठो भोजनसहितको पिण्डपात्र आनन्दलाई नदिने ।
(३) भगवान् बुद्ध बस्ने ठाउँमा आनन्दलाई सँगै नराख्ने र भगवान् बुद्धको सयनकक्षमा भिक्षु आनन्द नसुत्ने
(४) भगवान बुद्धलाई मात्र निमन्त्रणा भएको ठाउँमा आनन्दलाई साथमा लिएर नजाने ।

स्वीकारात्मक प्रार्थनाहरू:-

(१) आनन्दले स्वीकार गरेको निमन्त्रणामा भगवान बुद्ध जानुपर्ने ।
(२) भगवान् बुद्धलाई दर्शन गर्न भनी टाढाटाढाबाट आएका परिषदहरूलाई आनन्दको अनुरोधमा बुद्धलाई भेट्न दिनुपर्ने ।
(३) आनन्दलाई कुनै विषयमा शङ्का भएमा भगवान् बुद्धसंग सो विषयमा सोध्न पाउनु पर्ने र
(४) आनन्दको अनुपस्थितिमा भगवान बुद्धले देशना गर्नुभएको उपदेशको सार पुन: आनन्दलाई दोहऱ्याएर सुनाउनु पर्ने ।

आनन्दले लाभ सत्कारको लोभको लागि तथागतको उपस्थापक भएको भन्ने निन्दाबाट बच्नको लागि बुद्धको समक्ष उक्त अस्वीकारात्मक प्रार्थना गर्नु भएको थियो । यसै गरी स्वीकारात्मक प्रार्थनामा पहिलो ३ वटा भगवान बुद्धको उपस्थापक भएतापनि केही ज्ञान छैन भन्ने निन्दा नहोस् भन्नाका लागि र अन्तिम स्वीकारात्मक प्रार्थना थियो यो धर्म, यो विनय, यो सुत्र, यो जातक भगवान बुद्धले कहाँ देशना गर्नुभएको भनी शास्ता नभएको ठाउँमा कसैले सोध्न आएमा उत्तर दिन सकेन भने तथागतको छायाँ समान पछि पछि लागेरमात्र के गर्नु ? भनी अनावश्यक कुरा नहोस् भन्नाका लागि । भिक्षु आनन्दको ८ वटा प्रार्थनाहरू बुद्धले स्वीकार गर्नु भएपछि २५ वर्षसम्म उपस्थापक भएर सेवा गर्नुभयो ।

आनन्दसँगै प्रव्रजित भएको देवदत्तले बुद्धको हत्या गर्ने धेरै प्रयास गरे । सबै प्रयासहरू असफल भएपछि अर्को पटक राजा बिम्विसारको एउटा चण्ड र कठोर स्वभावको नालागिरि हात्तीलाई प्रयोग गर्ने निधो गरे । भगवान बुद्धसहित धेरै भिक्षुहरू राजगृह गइरहनु भएको बेला बुद्धको हत्या गर्न नालागिरिलाई छोड्न लगाए । बुद्धको अग्रश्रावक सारीपुत्र लगायत धेरै अरू अर्हन्त भिक्षुहरूले नालागिरिलाई दमन गर्न अनुमति मागेका थिए । बुद्धले कसैलाई पनि अनुमति दिनु भएन । जब नालागिरि बुद्धको नजिक आउन लागे, तब भिक्षु आनन्दले शास्ताको लागि पहिले आफ्नो जीवन बलिदान र त्याग गर्न भनी बुद्ध भन्दा अगाडि पुग्नुभयो । शास्ताले "मेरो अगाडि नजाउ" भनेर आनन्दलाई ३ पटक भन्नुभयो र पनि आनन्द पन्छिनु भएन । पछि महाकारूणिक शास्ताले आफ्नो ऋद्धिबलले आनन्दलाई पन्छाएर नालागिरिलाई शान्त पार्नुभयो, दमन गर्नुभयो । यसरी नालागिरिको दमनपछि धेरै भिक्षुहरूले तथागतको लागि आफ्नो प्राण परित्याग जस्तो दुष्कर कर्म गर्ने गुणवान, स्मृतिवान, बहुश्रुतवान आनन्द स्थविरको धेरै प्रशंसा सुनेर भगवान बुद्धले "अहिले मात्र होइन परापूर्वकालमा पनि मेरो निमित्त आनन्दले आफ्नो जीवन परित्याग गरेको छ" भन्ने कुरा बताउँदै भिक्षुहरूलाई चूलहंस, महाहंसको जातक देशना गर्नुभयो ।

बहुजन हिताय बहुजन सुखायको लागि बुद्धले आफूले प्राप्त गर्नुभएको ज्ञानलाई ४५ वर्ष सम्म प्रचारप्रसार गर्नुभइ ८० वर्षको उमेरमा वहाँले कुशीनगरमा अनुपादिशेष



Downloaded from http://www.dhamma.digital

महापरिनिर्वाण प्राप्त गर्नुभयो । बुद्धको महापरिनिर्वाण पछि सात दिनसम्म पञ्चस्कन्ध देहलाई पुष्प, धूप, प्रदीपद्वारा पूजागरी महाउत्सव गरे । महाकाश्यप महास्थविर पाँचसय भिक्षुहरूका साथ पावाबाट कुशीनगरमा आइरहेका थिए । कुशीनगरबाट एकजना आजीवक आइरहेको देखेर महाकाश्यपबाट शास्ताबारे सोधनी भयो । उनीबाट तथागत महापरिनिर्वाण भएको आज सात दिन भयो भन्ने अत्यन्त दुःखद जानकारी भएपछि आश्रव क्षय नभएका भिक्षुहरूले धेरै विलाप गरे भने आश्रव क्षय भइसकेका भिक्षुहरूले अनित्य र स्वभाव धर्म सम्झी धैर्य गरे । धेरै भिक्षुहरूको शोक विरह देखेर एक वृद्ध भिक्षु सुभद्रले भने "आवुसो ! तपाईहरू किन अधैर्य भएर विलाप गर्नुहुन्छ ? उनी तथागत छुउन्जेल हामीलाई धेरै गाह्रो थियो । जहिले पनि यसो गर्नु हुँदैन, उसो गर्नु हुँदैन भनी हामीलाई वन्धनमा राख्नु हुन्थ्यो । अव हामी वहाँको वन्धनबाट मुक्त भयौं । अब जुन नियम सजिलो छ, मन पर्छ, त्यसलाई मात्र पालन गरौंला । नरोऊ नकाराऊ ।" सुभद्रको त्यस प्रकारको कुरा सुनेर महाकाश्यप महास्थविरको मनमा कुरा खेल्यो कि भगवान महापरिनिर्वाण हुनुभएको केही दिनमा नै यसरी कुरा गर्ने भिक्षु भइसक्यो भने पछि के होला ? यदि तथागतको उपदेशलाई एकै सुत्रमा संकलन गरिएन भने वहाँको धर्म चिरस्थाई हुँदैन । धर्म भन्दा अधर्म, लोकहित भन्दा लोकअहित र विनय भन्दा अविनयलाई गौरव राख्नेछन् । त्यसकारण तथागतको विविध धर्मस्कन्धलाई एकत्रित गर्नका लागि अर्हन्त भिक्षुहरूको भेला गर्नुपर्‍यो भन्ने विचारले भगवान बुद्धको अन्तिम संस्कारको कार्य पछि भिक्षुहरूलाई एकत्रित गरि आफू भिक्षुहरूसहित कुशीनगरमा आइरहँदा मार्गमा भएका सवै वृतान्त वताई संगायनको लागि एक कम पाँच सय अर्हन्त भिक्षुहरू छान्नुभयो । भिक्षु आनन्द अर्हन्त नभएको हुनाले वहाँलाई छान्नुभएन । पछि सम्पूर्ण भिक्षुहरूले वहाँ आनन्द भिक्षु अर्हन्त होइन, तथापि वहाँ विरलै धर्म भण्डारीक हुनुहुन्छ । त्यसैले वहाँ विनाको संगायन पूर्ण हुँदैन भनेपछि महाकाश्यपले वहाँलाई पनि छान्नुभयो । पछि एकजना भिक्षुले अर्हन्तहरूको राजगृहमा हुने संगायनमा जानुपर्ने कुरा उठाएपछि भिक्षु आनन्दले आफू मात्र एक जना अर्हन्त नभइकन संगायनामा कसरी जाने र बुद्धको महापरिनिर्वाणलाई लिएर शोकमात्र गरेर के बस्नु । भन्ने कुरा मनमा खेल्यो र अब वीर्य बढाई अभ्यास गर्नुपर्‍यो भनी उहाँले अथक प्रयास गर्नुभयो । संगायनको एकदिन अघिसम्म भिक्षु आनन्दले अर्हन्त प्राप्त गर्नु भएको थिएन । त्यही दिन रातभर नै वहाँले आफ्नो शरीरको गतिविधिमा भावितागर्दै विपश्यना भावना गरिरहनु भयो । चंक्रमण गर्दा दायाँ र बायाँ खुट्टाको चाल, खुट्टा उचालेको, अगाडि सारेर भइँमा राखेको, फेरि अर्को पाइला सार्न इच्छा भएको र साँच्चै पाइला चालेको शारीरिक भाविता गर्दा गर्दै झण्डै भोलिपल्टको विहान हुन लागेको थियो । तैपनि अर्हन्त हुनुभएन । यसरी चंक्रमण गरेर अति नै भाविता गरेको चाल पाउनुभई अव ओछ्यानमा पल्टेर एकछिन ध्यान गर्नुपर्‍यो भनी सोची ओछ्यानमा मनमनै पल्टँदैछु पल्टँदैछु भनी विस्तारै पल्टिन लाग्नुभयो । त्यही क्षण पुरा पल्टन नपाउँदै वहाँले ज्ञान प्राप्त गर्नुभयो, अर्हन्त हुनुभयो । यो भन्दा पहिले वहाँ निर्वाणको प्रथम चरण श्रो तापन्न मात्र हुनुहुन्थ्यो । छोटो समय अवधिमा नै वहाँ सकृदागामी, अनागामी र अर्हन्त हुनुभयो । पछि राजगृहको सप्तपर्णी गुफामा संगायनको लागि सबै भेला भए । एक मात्र आनन्दको ठाउँ खाली थियो । ठीक सोही बेलामा अर्हन्त प्राप्ति पछि भिक्षु आनन्द आइपुग्नु भयो र संगायन शुभारम्भ भयो । बुद्धको महापरिनिर्वाणको ३ महिना पछि भएको संगायनमा पाँच सय प्रतिसम्भिदा लाभ गरेका अर्हन्तहरूबाट धर्म संग्रह भएको हुनाले उक्त संगायनलाई पञ्चसतिक पनि भनिन्छ । भगवान बुद्धको मुल धर्मको जरा यही नै हो ।

भिक्षु आनन्द धेरैजसो तथागतको उपस्थापक भनेर चिन्ने गरिन्छ । यो बाहेक उनको मूल्याङ्कनका धेरै आयामहरू छन् । बुद्धको समयमा बुद्धशासनमा अधिक योगदान पुर्‍याएर अग्रपंक्तिमा रहेका अरू भिक्षुहरू जस्तै वहाँ आनन्द पनि एक अग्रगण्य र समर्थ भिक्षु थिए । शास्ताको लागि नालागिरिको अगाडि गएर आफ्नो जीवन बलिदान त्याग गर्न तयार हुनु र भगवान बुद्धको एक एक वचन र उपदेशलाई स्मृति राखेर प्रथम संगायनमा धर्म सम्बन्धी उत्तर दिएर योगदान गर्नु भिक्षु आनन्दको महत्वपूर्ण विशेषताहरू हुन् । लाभ सत्कारको लागि नभई बास्तविक रूपमा बुद्धको सेवाटहल र ज्ञानको लागि उपस्थापक बन्नु र निरन्तर र अटुटरूपमा स्मृतिपूर्वक गर्नुभएको अभ्यासबाट कम समयमा नै अर्हन्तत्व प्राप्त हुनु उदाहरणीय र ग्रहणयोग्य तथ्यहरू हुन् । त्यसैले भिक्षु आनन्दको जीवनीबाट शिक्षा र प्रेरणा लिई कल्याण र मंगल मार्गमा हामी पनि अग्रसर हुन सकौं ।



Downloaded from http://www.dhamma.digital

सन्दर्भ ग्रन्थहरू :

(१) बज्राचार्य, दुण्डबहादुर (२५५५ बु.स.), जातक-बोधिसत्वया बाखं (न्यागुगु भाग), त्रिपिटक अनुवाद मण्डल (वीर-पूर्ण पुस्तक संग्रहालय), गाबहाल, ललितपुर ।

(२) महास्थविर, भिक्षु अमृतानन्द (२५४८ बु.स.), बुद्ध शासनको इतिहास (प्रथम भाग), धर्मकीर्ति विहार, श्रीघः, काठमाडौं ।

(३) भिक्षु बोधिज्ञान (सम्पादन), (२५५३ बु.सं.), सतिपट्ठान विपस्सना भावना निर्देशन, हरि महर्जनसहित, खुमलटार, ललितपुर ।

(४) आचार्य बुद्धघोष (२५२६ बु.सं.), धम्मपदटठकथा भाग १ (अनुवादक, भिक्षु अमृतानन्द), आनन्दकुटी विहारगुठी, आनन्दकुटी विहार, स्वयम्भू ।

(५) शाक्य, मोतिकाजी, (२५४७ बु.सं.), बुद्धको मूल उपदेश, धर्मकीर्ति बौद्ध अध्यन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघः, काठमाडौं ।

(६) पुञ्ञानुभाव, सुजीव (२५४५ बु.सं.), सम्पूर्ण बुद्धवचन तिपिटकया सार (अनु.भिक्खु सुमेध धीरसुमेधो), सद्धर्मप्रचारक पुचः, काठमाडौं । ❖

# क्रोध

✍ **नरेन्द्रनाथ भट्टराई**

मनुष्य जीवनको सबभन्दा बलियो शत्रु क्रोध हो । क्रोधले नपछारेका मानिस पृथ्वीतलमा खोजेर पाउन गाहारो पर्दछ । क्रोधको ज्वाला यति भयङ्कर हुन्छ कि यसले परिवार, समाज र देश, देशलाई नै पनि तहसनहस पार्दछ । बुद्धिमान भन्दा बुद्धिमान मानिस पनि क्रोधको वशमा परेर चिताउनै नसकिने दुष्कृत्य गर्दछन् । मानिसलाई नाश गर्ने, दु:ख दिने तथा नर्कतिर पसाल्ने ढोका नै क्रोध हो भनेर गीतामा पनि भनिएको छ । विश्वको इतिहासलाई नियालेर हेर्ने हो भने लडाइँ, झगडा, षडयन्त्र आदि हुनाको मूल कारण पनि क्रोध नै हो ।

क्रोधको उत्पत्ति चाहना, वासना, इच्छा, कामना र धारणाबाट हुन्छ । मानिसको रहनसहन, पालनपोषण, पठनपाठन, शिक्षादीक्षा, सङ्गत र संस्कारबाट धारणा मजबुत हुँदै जान्छ । धारणा अनुसार कामना हुन थाल्दछ । कामना पूरा गर्न लाग्दा बाधा अड्चन आइपर्दछन् तब क्रोधको जन्म हुन्छ ।

क्रोधलाई हटाउन भनेर कोही नबोल्ने ब्रत (मौन) लिन्छन् । कोही घरमा बसेदेखि क्रोध आउँछ भनेर जङ्गल वा एकान्ततिर लाग्दछन् । कोही क्रोधलाई जबरजस्ती रोकेर राख्दछन् । क्रोधको वास्तविक स्थिति नबुझी क्रोधको मूल आधार नठम्याई गरिएका कुनै पनि प्रयासबाट क्रोधलाई हटाउन सकिन्न ।

क्रोधलाई नियन्त्रण गर्ने प्रयासमा लागेर एकजना मानिस घर बार छोडेर जङ्गल पसेछन् । घरमा बस्दा बारम्बार रिसाइरहने मानिस अब जङ्गलमा रिसाउने मौकै परेन । त्यहाँ मानिस नै कोही थिएनन् । छिमेकी, स्त्री, पुत्र, पुत्री नोकर-चाकर कोही भएनन् । एकदिन एउटा चराले टाउकोमा विष्ट्याइदिएछ । रिसको पारा चढी हाल्यो । भएन भनी अव गुफामै बस्न थाले । यसरी ३० वर्ष सम्म क्रोधबाट मुक्त भई जङ्गल बसेका ती मानिसले ठाने अब त म अक्रोधी भइसकें अब एकपटक शहरतिर जानुपर्‍यो भनी हिँडेछन् । आफूलाई अक्रोधी महात्माको अवतार मानेर हिंडेका ती मानिसलाई भीडमा एकजनाले खुट्टा कुल्चि दिएछ । ३० वर्षसम्म मौका नपाएर भित्र लुकेर बसेको क्रोधको ज्वाला दन्किन थाल्यो । आँखा लाल-लाल गर्दै भन्न थाले, "म जस्तो महात्माको खुट्टा कुल्चने पापी !" ❖

***– जुन कुराले आपत-विपद टार्दछ अर्थात् सुख, शान्ति दिन्छ त्यही सम्पत्ति हो । हेर्दा हेर्दै स्वप्न समान केही क्षणमै नाश भएर जाने धन, जन, पुत्र मित्र, पद-प्रतिष्ठा आदि सम्पत्ति होइनन्, यी त विपत्ति मात्र हुन् ।***

***– जो जन्मन्छ, त्यो अवश्य मर्दछ, जो जन्मन्दैन, त्यो कहिल्यै मर्दैन । शरीर जन्मन्छ, त्यसकारण यो पनि अवश्य मर्दछ । सबैजना मेरो शरीर भन्दछन् । म शरीर भनेर कोही भन्दैनन् । यस तथ्यबाट यो कुरा प्रमाणित हुन्छ कि "म" शरीर पक्का पनि होइन । जुन शरीर आफू होइन्, जो जुनबेला पनि मर्न सक्छ त्यस्तालाई आफू ठान्नु र त्यसको लागि चिन्तित हुनु ठीक हो त ?***



Downloaded from http://www.dhamma.digital

# चारवटा आर्य सत्यहरू

✍ मणिवती

भगवान बुद्धले संसारको चारवटा आर्य सत्यहरूलाई पत्ता लगाउनुभई यसरी प्रस्तुत गर्नु भएको छ।

(१) दुःख आर्यसत्य–

संसारमा ८ प्रकारका दुःखहरू छन्।

(क) जातिपि दुक्खा - जन्म हुनुपर्ने नै दुःख हो।

(ख) जरापि दुक्खा - बुढाबुढी हुनुपर्ने नै दुःख हो।

(ग) व्याधिपि दुक्खो - रोगी हुनुपर्ने नै दुःख हो।

(घ) मरणम्पि दुक्खं - मरण हुनुपर्ने नै दुःख हो।

(ङ) अप्पियेही सम्पयोगो दुक्खो- मन नमिल्ने व्यक्तिहरूसंग जीवन बिताउनु पर्ने पनि दुःख नै हो।

(च) पियेही विप्पयोगो दुक्खो – मन मिल्ने व्यक्तिहरूसंग विछोड भएर वस्नुपर्ने पनि दुःख नै हो।

(छ) यं पिच्छं न लभति तं पि दुक्खं – आफ्नो मनले चिताएको इच्छा पूरा हुन नसक्नु पनि दुःख नै हो्।

(ज) संखित्तेन पच्चुपादानक्खन्धापि दुक्खा– संक्षिप्तमा भन्नेहो भने पञ्चस्कन्ध धारणगर्नु परेसम्म दुःखबाट मुक्त हुन सकिदैंन।

**(२) दुःख समुद्य आर्यसत्य –**

दुःखको कारण ३ प्रकारका तृष्णाहरू हुन्

(क) काम तृष्णा– रूप, शब्द, गन्ध, रस र स्पर्शमा आशक्त हुने।

(ख) भव तृष्णा–फेरि जन्म लिने आशा

(ग) विभव तृष्णा–बाँचुञ्जेल मोज मज्जा गर्ने। मरेपछि फेरि जन्म लिनु पर्ने छैन भनी मिथ्या दृष्टिमा विश्वास गर्ने।

**(३) दुःख निरोध आर्यसत्य–**

दुःखलाई हटाउन सकिन्छ।

**(४) दुःख हटाउनका लागि आठवटा आर्यमार्गहरू अष्टाङ्गिक मार्गलाई अपनाउनु अत्यावश्यक छ। ती यसरी हुन–**

(क) सम्यक दृष्टि (ठिक तरिकाले बुझ्ने क्षमता)

(ख) सम्यक संकल्प (ठिक तरिकाले गरिने संकल्प)

(ग) सम्यक वचन (ठिक तरिकाले कुरा गर्ने)

(घ) सम्यक कर्मान्त (ठिक तरिकाले कार्य गर्ने)

(ङ) सम्यक जीविका (ठिक तरिकाले जीविका गर्ने)

(च) सम्यक व्यायाम (ठिक तरिकाले अभ्यास गर्ने)

(छ) सम्यक स्मृति (ठिक तरिकाले होश पुऱ्याउने)

(ज) सम्यक समाधि (ठिक कार्यमा मन एकाग्र गर्ने) ❖

## अल्पकालिन श्रामणेर र ऋषिणी प्रव्रज्या शिविर

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिले साप्ताहिक अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या शिविर सञ्चालन गर्दैछ। इच्छुक व्यक्तिहरूले आ-आफ्ना बाल बालिकाहरूलाई यस शिविर मा सहभागी गराउन सकिनेछ।

मिति – २०६९ पौष २१ देखि २७ सम्म

स्थान – रत्न विपश्यना विहार (सानो भऱ्याङ्ग)

बाल बालिकाहरूको उमेर हद – ८ बर्ष देखि १८ वर्ष उमेर भित्रको हुनुपर्ने।

सम्पर्क स्थान – धर्मकीर्ति विहार, श्रीघः नःघल

सम्पर्क व्यक्ति – इन्दावती गुरूमां, अमता गुरुमां फोनं – ४२५९४६६



Downloaded from http://www.dhamma.digital

# शील

✍ विजय लक्ष्मी शाक्य

भगवान् बुद्ध भन्नुहुन्छ–

शीलले हामी सबैको भलो गर्छ शील नै हामी सबैको शीर,जग र जीवनको खम्वा हो। शीलले अकुशल कर्म गर्नुबाट रोक्छ शीलले कुवाटोमा नलाने खालको रूपमा काम गर्छ।

प्राणीघात वा हत्या नगर्नाले मन आनन्दित र प्रफुल्लित हुन्छ। गुरु दक्षिणा अर्पण गर्न अंगुलिमालले धेरै मानिसहरू हत्या गरी हिंस्रक बने। जब भगवान् बुद्धको अहिंसावादी शिक्षा सुने, तब उसलाई आफ्नो कुकर्म देखी पश्चाताप भयो र बुद्धको शिष्य अहिंस्रक बने। दानव प्रवृति छोडी परिवर्तन मनले मानव वने। आनन्दित र प्रफुल्लित चित्त भई अरहंत भए।

भगवान तथागत भन्नु हुन्छ–

चोरी नगर्ने शील पालन गर्दा लोभचित्त हट्ने हुन्छ, अर्काको वस्तु हडप नगर्नाले कसैले द्वेष नगर्ने हुन्छ, यस्तो शील पालना गर्दा मन(चित्त) शीतल हुने हुन्छ। उद्यमशील भई कुशल कर्म गर्ने क्षमता वढ्ने हुन्छ।

भगवान बुद्ध भन्नुहुन्छ–

व्यभिचारी नहुने या ब्रह्मचर्य शील पालन गर्नाले, नचाहिंदो आपदहरू नआउने हुन्छ, सदाचारी बन्ने शीलले शीर ठाडो पारी हिंड्न सक्ने हुन्छ, बुद्धकालिन वदमास सरकाजि जस्तो एक्लो हुनु नपर्नेहुन्छ।

पछि उही ब्यक्ति बुद्धको उपदेश सुनी शील पालन गरी श्रोतापन्न भए। सर्वज्ञ बुद्ध भन्नुहुन्छ–

झुठ वा असत्य वचन नबोल्ने शील पालन गर्नाले अरू मानिसहरूको विश्वासको पात्र बन्ने हुन्छ। नचाहिंदो वकवास कुराहरू गर्ने बानीबाट जोगिने हुन्छ, सत्य बोल्ने शील पालना गर्दा धर्म चेतना बढ्ने हुन्छ। जुन दैनिक जीवनका लागि सहायक सिद्ध हुनेछ। सम्यक् सम्बुद्ध भन्नुहुन्छ–

लागु पदार्थ सेवन नगर्नाले, जुवातास आदि नखेल्ने शील पालना गर्दा पाँचैवटा शीलहरू सुरक्षित हुने हुन्छ। धनसम्पत्तिको दुरूपयोग हुनेबाट बच्ने हुन्छ, यसले गर्दा बेहोसीमा असत्य,झुठ, ब्यभिचारी, चोरी र प्राणी हत्या गर्ने कर्मबाट पनि बच्ने हुन्छ।

अर्हत सम्यक सम्बुद्ध भन्नु हुन्छ–

शील वा कुसल नियमहरू पालना गर्नाले यही जीवनमा विपाक भोग गर्नु पर्ने बाट जोगिने हुन्छ,, चाहे त्यो दिट्ठ धर्म वेदनीय कर्मको फल होस्, चाहे त्यो उपपज्ज वेदनीय कर्म भविष्यमा भोग्ने फल होस् अपरापरिय वेदनीय कर्म फल होस् वा अहोसि कर्मको फल वर्तमान जीवनमा नै भोग्न नपर्ने हुन्छ। जस्तो कि हत्यारा अंगुलीमालले पश्चातापी भइ बुद्धको शरणमा गई शील पालन गरी आचरण शुद्ध पारी अर्हतफल जस्तो अमृत फल प्राप्त गर्न सफल भए। ❖

## तथ्य सत्य कुराहरू

✍ शुमेधावती

(१) धर्मको बाटोमा हिंड्न जान्नेले धर्म गर्न जान्दछ।

(२) धर्मको बाटोमा हिंड्न नजान्नेले धर्म गर्न जान्दैन।

(३) ध्यानी मान्छे ज्ञानी हुन्छ ज्ञानी मान्छेमा ध्यान हुन्छ।

(४) मैत्री हुने व्यक्तिले अरूको दुःख बुझ्छ, दुःख बुझ्नेले अरू प्रति मैत्री राख्दछ।

(५) कुशल संस्कारबाट आएकोले अकुशल जान्दैन, अकुशल संस्कारवाट आएकाले कुशल गर्न जान्दैन।

(६) शील धर्म नबुझ्नेले पाप भनि बुझ्दैन, पाप भनि बुझ्नेले शील धर्म बुझ्दछ।

(७) आफूले आफैलाई नचिन्नेले अरूलाई चिन्दैन, आफूलाई चिन्नेले अरूलाई पनि चिन्दछ।

(८) अनित्य भनि नजान्नेले संसारको स्वभावलाई जान्दैन।

(९) भुतकालको बारम्बार भाविता राख्नेले वर्तमानमा जिउन जान्दैन।

(१०) अरूको दोष मात्र देख्नेले आफ्नो गलत कर्म देख्दैन। ❖



Downloaded from http://www.dhamma.digital

# अन्धविश्वासं धर्म लाइ मखु

✍ सुनिता मानन्धर

थौंया नीछ्गूगु शताब्दीइ वयाः नं झीगु समाजय् थीथी कथंया अन्धविश्वासं थाय् कयाच्वंगु दनि । बुखँ वइ-बोक्सीया द्वपनय् मिसायात म्वाःम्वाकं च्याका बिल । समाजय् ब्वलनाच्वंगु अन्धविश्वासया कारणं थौं मस्त मां मदयेका च्वनेमाल, समाजयात नं भय भीत यानाबिल । बोक्सीया द्वपं बियाःम्ह छम्हं वँचुसे च्वंक दाइगु, मिं पुकेगु, गामं पितिनेगु घटनात झीथाय् बरोबर हे जू । थ्वं सकतां अन्धविश्वासया कारणं हे जूगु खः । बुद्ध धर्मय् अन्धविश्वासयात थाय् मदु ।

पुर्खा याना वयाच्वंगु ज्या, थुकियात कथहं हना मयंकल कि झीत बांमलाइ धइगु अन्धविश्वासं यानाः थौं कुकर्म यानाच्वंपिं दु । थुकिया दसु कथं झी नेवाः तयसं हनीगु थीथी नखः चखः व पूजायात कायेफु । झीसं दँय्दसं दिगुपुजा याना । परम्परानिसें थः कुलदे वताया पूजा यायेगु हे थुकिया विशेषता खः । तर कुलदे वतायात लय्ताय्केगु तातुनाः द्यःयाथाय् बलि बी । अथे हे छुं कथंया थःगु इच्छा पूवंके माःसा फलानाम्ह द्यःयाथाय् बलि बी धकाः भाकल याइ । ज्या पूवनेवः द्यः याथाय बलि बीत वनी । झीगु देशय् दकले अप्वः बलि बीगु ई मोहनी नखः खः । थुगु इलय् छेँखा पतिं धइथें बलि बी । गाडीइ बलि बी । मबिल कि दुर्घटना जुइ धाइ । थथे बलि बीवं दुर्घटना मजुइगु खःसा झीगु देशय् दुर्घटना ला गबलें हें मजुइमागु खः । भगवान बुद्धं धयाबिज्याःगु दु-सुखकामानि भूतानि-यो दण्डेन बिहिंसति । अत्तनो सुखमेसानो पेच्च सो न लभते सुखं । अर्थात थःगु सुखया लागिं सुखकामी प्राणीयात सुनां दण्डपाखें हिंसा पीडा बी वं परलोकय् सुंख सी मखु । अथे हे प्रकीर्ण वर्गय् न्ह्यथनातःगु दु–

**पर दुक्खू पदानेन-अत्तनोसुख मिच्छति बेर संसग्गसंसद्धो-बेरा सो न परिमुच्चति ।**

अर्थात् दुःख बियाः थम्हं सुखभोग यायेगु इच्छा यात धाःसा अज्याःम्ह मनू द्वेषया जंजालय् तक्यनाः गबलें नं द्वेषं मुक्त जुइ फइ मखु ।

थुकथं हे धर्मया नामय् ब्वलनाच्वंगु छुगू ज्या यज्ञ, होम यायेगु नं खः । यज्ञ याइगु इलय् अन्न जक छानाः याःसा ला छगू कथं तः धंगु आपत्ति मजू धायेफु । तर थुगु इलय् निर्दोष पशुपंक्षी म्वाः म्वाकं होमया मिइ क्वफाइ । आय्या धकाः धाये तकं मसःपिं बखुं, सर्प, फैचा आदियात दनदन च्यानाच्वंगु मिइ उना छ्वइ । छु थुकथं यानागु धर्म झीत धात्थें पुण्य प्राप्त जुइ ला ? थुकथं धर्म यानाः समाजय् शान्ति वइला ? थ्व ला छगू भ्रम व अन्धविश्वास जक खः । बुद्धं धयाबिज्यागु दु–

**मासे मासे सहस्सेन यो यजेथ सतं समं**
**एकं च भावितत्तानं मुहुत्तमपि पुजये**
**सा ये व पूजना सेय्यो । यं चे वस्ससतं हुतं**

(अर्थात् लय्पतिकं द्वलंद्वःखर्च यानाः यज्ञ होम यायेगु स्वयां फ्लख जक जूसां संयमी मनूयात पूजा सत्कार यायेगु बेस सच्छिदँ होम यायेगु स्वयां पलख याःगु पूजा हे श्रेष्ठ जुइ ।)

झीगु देशय झी पुर्खापिंस न्ह्याकावंगु अन्धविश्वास जक मखु थौंकन्ह्य ला थन धर्मया नामय् न्हून्हूगु घटना नं जुयावःगु खनेदु । थौं झीगु समाजय् धर्मया नाम्य दुहांवःगु थीथी कथंया न्हूगु अन्धविश्वासया घटना मध्ये श्रावणय् वाउँगु चुरा न्ह्यायेगु चलन नं छगू खः । झी अजिपिंसं स्यना मथकूगु, झीसं सि हे मसिउगु खँ थौं वयाः झीसं नाला कयाच्वना । श्रावण महिना जुल कि लच्छि चुरा पोत्यातय् नखः हे वः सरह जुइमाः । वाउँक पुनीपिं ला झीगु छ्चालं हे दयाच्वनी । थः जक पुनां मगानाः उपहारं कथं मेमेपिंत नं बीगु याइ । थुकिं समाजय् ला विकृति हे हयाबिउगु दु । थुकी ला जिं बुद्ध धर्म माने याना धाइपिं नापं लिउलिउ वनाच्वंगु खना । धाथें बुद्ध धर्म कथं कायेगु खःसा वाउँ चुरा न्हयायेगु पोत्या क्वखायेगु ला छु छुं कथंया तिसा तीगु, माला क्वखायेगु ज्या तकं याये मजिउ । जब सुनानं अष्टशील काल धाःसा ‘नच्चगीत वादित विस्सुकदस्सन माला गन्ध विलेपन धारण मण्डन विभुषण थाना वेरमणि सिक्खा पदं समादियामि’ धकाः शील ग्रहण याइ ।

थौं नं थम्हं यानागु पाप मोचन यायेत अतिकं चिकुगु इलय् खुसिइ म्वःल्हुया जुइपिं दु । अथे हे अतिकं



Downloaded from http://www.dhamma.digital

तांन्वःगु इलय् चःति नाः नाः वयेक मि कुया जुइपिं नं दु। थ्व छगू कथंया अन्धविश्वास हे खः। थन बुद्ध कालया छगू घटना न्ह्यथनेगु सांदर्भिक जुइ। श्रावस्ती नगरय् छम्ह ब्राम्ह्मण पुष माघया अतिकं चिकुगु इलय् थरथर खाखां खुसिइ म्वःल्हुया-च्वन। छन्हु अनाथपिण्डिक महाजनया पूर्णिका दासिं खन। वं ब्राम्ह्मणयात सु खना ग्यानाः सुथ न्हापां खुसिइ म्वः ल्हू वयागु धकाः न्यनेवं ब्राह्मणं धाल- 'सुं खनाः ग्यानाः मखु बरूं थःगु पाप चुइकेया लागि म्वः ल्हुयागु खः।' अनंलि पूर्णिका दासिं धाल, 'सुथ न्हापां म्वःल्हुयाःपाप चुइकींगु खःसा धर्म नं ला चुइका यंकी नि। अथे खःसा लखय् च्वनीपिं न्या, सर्प, ब्याचां आदि जीव सदां धर्मात्मा जुइ माःगु खः। मन शुद्ध यानाः, मिथ्यादृष्टि मजुसे, सुयातं दुःख मबिउम्ह मनू हे धर्मात्मा जुइ। खयत ला थम्हं यानागु पापया विपाक थःत हे लाइगु खँ नं बौद्ध साहित्यय् न्ह्थनातःगु दु। भगवान बुद्धं धया बिज्याःगु दु–

**अत्तनाव कतं पापं – अत्तजं अत्त सम्भवं**
**अभिमन्थति दुम्मेधं–वजिरं वस्मयं मणिं**

थम्हं यांनागु पापं थःत हे पीडा बी मूर्खजनं थम्ह यानागु पापं पत्थरं पिहा वःगु हिरां थः पिहां वःगु ल्वहंयात चाः थें चाइ। अथे हे बौद्ध साहित्यय् न्ह्यथनातःगु झिगू संयोजन (बन्धन) मध्ये अन्धविश्वास नं छगू संयोजन खः। मिथ्या आचरणयात बांलाः तायेकाः उकी थःत बांलाः जुइगु तायेकाः बौद्धतयसं अनुशरण व विश्वास यात धाःसा थुकियात शीलबत परामर्श वा अन्ध विश्वास धाई। थुकथंया अन्धविश्वासय् तक्यनाच्वनेगु धयागु मिथ्या दृष्टि जुइगु खः। पराभव सुत्रय् धयातःगु दु-सुनां असत् पुरूषपिनि धर्मय् मन वंकी व हे वया अवनतिया कारण खः। उकिं मिथ्यादृष्टि जुयाः कतःया लिउलिउ वनाः अन्धविश्वासय् तक्यना जुइगु स्वयां आर्य अष्टांगिंक मार्गया लँपु म्हसीकाः न्ह्याः वनेगु हे उत्तम मार्ग खः। भगवान बुद्धं धयाबिज्याःगु दु 'सु बुद्ध धर्म व संघया शरणय् वनी वं दुःख व दुःखया उत्पत्ति, दुःख निरोध व दुःख निरोध जुइगु आर्य अष्टांगिक मार्गयात प्रज्ञा दृष्टिं स्वःगु दु थुकिया शरण हे रक्षादायक उत्तम शरण खः थ्वहे शरण कयाः हे दक्व कथंया दुःखं मुक्त जुइ। ❖

*(साभार- सन्ध्या टाइम्स्)*

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



नेपाःया न्हापांम्ह मिसा हि दाता, उदाय् समाजया संस्थापक दुजः निर्वाणमूर्ति विहारया सल्लाहकार नापं जीवंकाःछि रोगीपिनिगु निस्वार्थ सेवा यानाः समाजसेवाय् थःत पाना झाःम्ह **मयुजु तारादेवी तुलाधर** (८१ दँ) आकाझाकां मदुगुलिं वयुकःया निर्वाण कामना यासें दुःखं कःपिं छेंजःपिन्त बिचाः हायुका च्वना।

## निर्वाणमूर्ति विहार

किण्डोल, स्वयम्भू। फोन नं. ४-२८५८११



Downloaded from http://www.dhamma.digital

# जि व जिगु

✍ शान्तिरत्न ताम्राकार

संसारय् गुलि नं प्राणी दु उपिं सुयां नं दुःख मयः, सुख जक यः । थ्व दुःख मयः सुख जक यःम्ह सु ले ? धायेबलय् व थःके हे वइगु 'जि' व 'जिगु' धइगु भाव खः । थ्व 'जि व जिगु' धकाः वयाच्वंगु भाव हे आत्मा व आत्मियता खः । थ्व हे आत्मभावं यानाः भ्रीत दुःख वयाच्वंगु खः । भ्रीसं दुःख मयः धाधां सुखया चाहना यायां दुःख उत्पन्न जुयाः वइगुयात हे सुख भाःपियाः जीवनय् मुंका वनाच्वन तर व ला सुखया रूपय् दुःख हे जक जुया च्वन । जीवन हनायंकेगु भ्वलय् परिवार, ईष्ट, मित्र बढे याना यंकी, अथेहे सुखया रूपय् धन सम्पति आदि बढे याना यंकाच्वनी । थुपिं फुक्कं छन्हु न छन्हु फुना वनी तिनि । छाय्धाःसा थ्व फुक्कं नाशवानगु वस्तुत खः ।

भगवान बुद्धं आत्मा धइम्ह द हे मदु थ्व ला केवल भ्रम जक खः धयाबिज्यात । अले भ्रीत थुइकेत छगू उपमा बियाः अनात्माया व्याख्या यानाबिज्यात- 'छम्ह मिजनं संसारय् दकले बांलाःम्ह सुन्दरीनाप मतिना यात, तर व मिसाया न नां गोत्र हे सिउ, न गुण हे, न रूप रंग हे सिउ । अज्याःम्ह मिजंया आचरण संसारय् उपहास जक जुइ । उकिं द हे मदुगु आत्मायात दु धकाः वयात सुख बीगु चाहना यायेगु हे दुःख खः । आत्मा दु धइगु भावं यानाः 'जि व जिगु' धकाः घमण्ड व अहंकार ब्वलना वइ, वहे दुःखया मूल कारण जुइ । थथे सत्ताहिन पदार्थयात प्राप्त यायेत उद्योग यायेगु हे छगू मूर्खता खः ।

आत्मा भावं यानाः हे जि, जिगु धइगु भाव ब्वलनांच्वंगु खः । भ्री सकसिकें जि दु धइगु तःधंगु विश्वास दु । भ्रीगु विचारय् जिगु थ्व शरीर परिवर्तन जुइफु जिगु विचार परिवर्तन जुइफु तर जि ला वहे छम्ह व्यक्ति खः धइगु भावना वइ । थुकथं विचार यानाः स्वये बलय् जि धइम्ह गबलें परिवर्तन मजुइम्ह धइगु भाव वयाच्वनी । तर भगवान बुद्धं कनाबिज्याःगु दु 'संसारय् नित्य व अपरिवर्तन- शील वस्तु धइगु छुं मदु,' । अय्सां भ्रीसं थौंतक थ्व खँयात नाला कायेे फयाच्वंगु मदु । थुकिं यानाः हे भ्री फुक्कं थ्व भवचक्रय् जन्म जन्मान्तर दुःख सियाच्वंगु खः । जि धयाम्ह गन दु धकाः जिं जियात स्वया वन धाःसा गनं नं दइ मखु । गर्न मदुगु 'जि' यात दु धकाः परिकल्पना यानाः जियात सुख बीत भ्रीसं अनेक चाहना यानाच्वनी । थ्व असीमित प्रकारयागु चाहना जि धयाम्हयात सुख बीत जक हे खः । थ्वहे लोभ, राग व आशक्ति खः । यदि भ्रीसं यानागु चाहना पुरे मजुल धाःसा अन चित्तय् घृणा, दोष, उपादान उत्पन्न जुइ । तृष्णा, उपादानं यानाःहे भ्रीगु चित्तय् जि व जिगु धइगु आत्माभाव ब्वलना वइगु खः । थ्व तृष्णा व उपादान आदि शब्दत गनं गथे जुयाः वःगु धइगु सीकेत 'प्रतित्य समुत्पाद बारे छकूया न्ह्यथने –

प्रतित्य समुत्पादय् १२ भाग दुगुलिं थुकियात ' द्वादश निदान' नं धाः । थ्व बौद्ध दर्शनया मूल आधार मध्ये छगू मुख्यगु आधार खः । भगवान बुद्धया दार्शनिक उपदेशया मुख्य आज्जु हे प्रतित्य समुत्पाद खः । थुकिया संक्षिप्त रूप हे कारणवाद खः । 'अस्मिन सती इदं भवती'-व दयाः हे थ्व दुगु खः । थ्व कारणं यानाः हे मेगु कारण दुगु खः । थ्व कारणं चक्र अनन्त व अनादि कालंनिसें वयाच्वंगु खः । थुकिया अपवाद धइगु हे असंस्कृत धर्म जक खः । बौद्ध धर्म कथं छगू जक कारणं छुं नं कार्य वा धर्म उत्पन्न जुइ मखु । प्रत्येक कार्य वा धर्म कम से कम निगू वा निगू स्वयां अप्वः कारण परस्पर मिले जुयाः बने जुइ । कारणवादी सिद्धान्त कथं थुकियात 'हेतु-प्रत्यय' धाइ । लोभ, द्वेष व मोहं यानाः चित्तयात विकृति याइगु कारण बने जुइ । थुकि यानाः प्राणीतय्सं अकुशल कर्म याइगु कारण बने जुइ । अलोभ, अद्वेष व अमोहं कुशल कर्म याना यंकी । सर्वास्तिवाद व योगाचार सिद्धान्त कथं थ्व 'हेतु' या अर्थ भचा-पाःगु खनेदु । हेतुया अर्थ मुख्य कारण, प्रत्ययया अर्थ कारण सामग्री । दसुया रूपय् 'पुसा' मुख्य हेतु खःसा उकियात माःगु पृथ्वी, जल, तेज व वायु आदि कारण सामग्री खः । प्रतित्य समुत्पादया १२ ब्व छगू कारण मेगु कारण जुया वयाच्वंगु छक्वः दुवाला स्वये–

१) अविद्या २) संस्कार ३) विज्ञान ४) नामरूप ५) षडायतन ६) स्पर्श ७) बेदना ८) तृष्णा ९) उपादान–१०) भव ११) जाति १२) जरामरण अले हानं १ अविद्या ।

प्रतित्य समुत्पादयात पुनर्जन्म सिद्धान्तया आधारय् स्वंगू जन्मनाप सम्बन्धित यानातःगु दु । न्हापांगु निगू भाग (१ व २) पुलांगु जन्म लिसे सम्बन्धित दु ।



Downloaded from http://www.dhamma.digital

अनं मेगु च्यागू भाग (३-१०) या सम्बन्ध आःयागु (वर्तमान) जन्मनाप दु। बाँकी निगू भाग (११-१२) लिपाया (भविष्य) जन्म नाप सम्बन्धित दु । अथे छगू कारणं मेगु कारण व मेगु कारणं हानं मेगु कारण जुयाः थ्व जगतय् हित्तुहिलाः दुःखया चाकलय्लाः वनाच्वंगु दु ।

छुगू कारणं मेगु कारण, मेगु कारणं हानं मेगु कारण दया वइ। थथे १२ गू मूल कारणचक्र दुगु कारणं यानाः प्रतित्य समुत्पाद-यात द्वादश निदान धाःगु खः । थ्व कारण फुक्कं हे दुःख खः। थ्व दुःख मवयेकेगु मार्गयात सम्यक मार्ग धाइ। द्वादश निदानय् च्वंगु १२ गू कारणं यानाः हे आत्मा आत्मियता जि व जिगु धइगु भाव ब्वलनाच्वंगु खः । बौद्ध सिद्धान्त अनुरूप फुक्कं संसार अनित्य व अनात्मा खः। जगतया समस्त पदार्थया स्वरूप शुन्य खः । थ्व पञ्चस्कन्धया पुचः (रूप, वेदना, संज्ञा, संस्कार व विज्ञान) मात्र खः। थ्व बाहेक आत्माया छुं नं स्वतन्त्र परमार्थ मदु ।

"जि व जिगु" धइगु निश्चित रूपं न्ह्याबलें अनुभव जुयाच्वंगु दु । म्हगसय् तक नं थ्व अनुभव जुयाच्वंगु दु । उकिं जि व जिगु धइगु छुं हे मदु धाये मिले मजू ताइ। छाय्कि फुक्क सत्वपिसं थुकिया अनुभव याना वयाच्वंगु दु । तर अनुभव जुयाच्वंसां थ्व छगू व्यवहार सत्य जक खः, परमार्थ सत्य वा यथार्थ सत्य मखु। धाथें ला थ्व छगू भ्रम जक खः ।

खिउँगु थासय् चाः तूगु खिपः खन धायेवं यक्व सित थ्व सर्प खः धकाः अनुभव जुयाः ग्याना च्वनी। थ्व इलय् खिपः यात सर्पया अनुभूति याइ, अन खिपःया छुं अस्तित्व खनी मखु । थथे अस्तित्व हे मदुगु वस्तु नं अनुभव जुया वइ। अथे हे अविद्या व संस्कारया कारणं चित्त व पञ्चस्कन्धयात जि व जिगु धकाः अनुभुति यानाच्वनी। गन कि जि व जिगुया अस्तित्व हे मदु, थ्व ला केवल पञ्चस्कन्धयागु सन्ततिया प्रवाह जक खः । गबले तक अनात्म, अनित्य विपश्यना ध्यान यानाः थ्वयात भेदन याये फइ मखुँ जि व जिगुया अनुभव जुयाच्वनी, खिपःयात सर्प खं थें। अथे जुयाः भगवान बुद्धं आत्माया स्वतन्त्र सत्तायात निषेध यानाबिज्याःगु खः ।

यःगु वस्तु न्ह्याबले थःके द्येमाः, मयःगु वस्तु न्ह्याबलें थः थाय् मवयेमा धइगु प्राणी फुकस्यां इच्छा जुयाच्वनी । न्ह्याबलें वहे जीवनय् कुतः यानाच्वनी । धाथें धायेगु खःसा यःगु व मयःगु धइगु धारणा, विश्वास व विचार जक खः। थ्व छगू चित्रया अनुभूति जक खः। थ्व अविद्या व संस्कारं यानाः ब्वलनीगु जक खः । छुं नं वस्तुं सुख दइ धइगु लोभं यानाः थ्व वस्तु जिगु जिगु जुइमाः, अझ जिगु हे खः धइगु .(स्पर्श, वेदना, तृष्णा व उपादन) भावं चित्तय् लुयावइ, अले व वस्तु प्राप्त यायेत कुतः याना यंकी। तर उकि दुःख ब्वलन धाःसा थ्व वस्तु कम जुयाः जक जूगु खः धइगु भावं अझ अप्वः प्राप्त याये माला अले सुखी जुइ धइगु मनंतुना यक्वं प्राप्त यायेत स्वइ। थथे दुःखयात हे सुख दइ ला धइगु मृगतृष्णां यानाः झन यक्व दयेकेगु कुतः यानाच्वनी । मिखां खनीगु, न्हाय्पनं तायाच्वनीगु, अले हे फुक्कं इन्द्रियं ज्या यानाच्वंगु दु, गुकिं यानाः चित्तय् यः, मयः जुयाच्वंगु दु । उकिं यानाः थ्व 'द्वादश निदान चक्र' चले जुयाच्वंगु दु । भवचक्रय् फँसे जुयाच्वंगु दु । अथे जुयाः भगवान बुद्धं कनाबिज्याःगु 'एकायनो मग्गो' छगू जक लँपु (मार्ग) विपश्यना ध्यान गुकिं भवचक्रयात चफुइ फइगु खः । समस्त पदार्थ अनित्य अनात्मा व स्वभाव शुन्य धकाः खंके मफुगु हे अविद्यां यानाः खः ।

थ्व अनित्य, अनात्मा व स्वभाव शुन्ययात म्हसीका कायेगु ज्ञान हे 'सम्यक मार्ग' खः। थ्व मार्ग हे जि व जिगु धइगु सत्काय दृष्टियात चफुनाः भवचक्रं पार जुइगु खः। भगवना बुद्धं ४५ दँ तक भवचक्रं मुक्त जुइगु लँपुया व्याख्या याना प्राणीतय्त उद्धारं यानाबिज्यागु खः । नत्र थ्व चित्त सन्तानय् व्याप्त जुयाच्वंगु सत्काय दृष्टियात थुलि याउँक सीके फइ मखु जुइ ।

*(साभार- सन्ध्या टाइम्स् २०६९ भाद्र २७ बुद्धवार)*

❖

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्य**

*क्र.सं. ७३३*

**श्रीमान् पवन रत्न तुलाधर**

न्हूःवहाः, बाङ्गेमुढा, काठमाडौ

रु. १०००/-

**ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग**

१) स्व. रत्नदेवी मानन्धर पकनाजोल, पूण्यस्मृतिमा रु. ५००/-

२) आसना वज्राचार्य विशाल नगरको जन्म दिनको उपलक्ष्यमा रु. ५००/-



Downloaded from http://www.dhamma.digital

# परियत्ति शिक्षा अध्ययन गर्नु मंगल कार्य

✍ **चन्द्र शोभा शाक्य**, कोविद

हाम्रो जीवन मंगलमय बनाउनका लागि ३८ वटा मंगल कार्यहरू गर्नु भनी भगवान् बुद्धले मंगल सूत्रमा बताउनु भएको छ । ती मध्ये "कालेन धम्मसवन एतं मंगल मुत्तमं" अर्थात् समय समयमा धर्मको कुरा सुन्नु पनि एक मंगल कार्य हो। यसरी भगवान् बुद्धले भक्तिलाई भन्दा कामलाई विशेष जोड दिनुभएको देखिन्छ । समय समयमा धर्मको कुरा सुन्नु वा अध्ययन गर्नु नै मंगल कार्य हो भनी उहाँले परियत्ति शिक्षा अध्ययन विषयमा जुन महत्व देखाउनु भयो यसलाई हामीले गम्भिर रूपले लिन उचित देखिन्छ । किनभने परियत्ति शिक्षालाई श्रद्धापूर्वक अध्ययन एवं चिन्तन मनन गरी यसलाई दैनिक जीवनमा प्रयोग गर्न सकेमा मात्र हाम्रो जीवन सार्थक बन्नेछ । परियत्ति शिक्षाले नैतिकवान्, सुच्चरित्र वान् वनी, इमान्दारीपूर्वक कर्त्तव्य पालन गर्ने तालिम दिइरहेको हुन्छ। त्यसैले मानसिक स्वास्थ्यता र सुद्धिकरण बन्न टेवा दिने यस शिक्षा अध्ययन गर्नुलाई मङ्गल कार्यको रूपमा लिन सकिन्छ ।

आधुनिक समाजका मानिसहरू जति भौतिक रूपले सम्पन्न भएपनि मानसिक रूपमा असन्तुष्ट देखिन्छ । किनभने धेरै जसो मानिसहरूले भौतिक सम्पत्तिको मोह जालमा फँसी संसारको सत्यता त्रिलक्षण स्वभाव (अनित्य, दुःख र अनात्म) लाई विर्सन पुगेका छन् ।

त्यसैले उनीहरूले आफ्ना अनेक इच्छा आकांक्षालाई च्यापी आफ्नो जीवन व्यर्थमा खेर फालिरहेका हुन्छन् ।

भगवान् बुद्धले मेहनत एवं परिश्रम पूर्वक दृढ अधिष्ठानका साथ अनुसन्धान र अन्वेषण गर्नुभई पत्ता लगाउनु भएको परियत्ति शिक्षा रूपी सत्य ज्ञानको समूह नै त्रिपिटक (सूत्रपिटक, विनय पिटक र अभिधर्म पिटक) हो। यहि ज्ञानको माध्यमद्वारा नै भगवान् बुद्ध विश्वव्यापी हुनुभयो । उहाँले हामीलाई पनि करूणापूर्वक मार्ग निर्देशन गर्नुभयो । हाम्रो लागि अहोभाग्यको कुरो हो यो । यस पवित्र उत्तम मार्गमा लाग्ने कार्य भिक्षु भिक्षुणीहरूको मात्र नभई साधारण गृहस्थी जीवन विताइरहेका उपासकोपासिकाहरूको पनि हो । यस शिक्षालाई अहिलेको समाजमा प्रयोग गर्न सकेमा, विद्यालय, विश्वविद्यायलयमा सामाजिक संघसंस्थाहरू, आमा समूह एवं महिला समूहरूमा यस शिक्षा अध्ययन गराउन सकेमा अवश्य पनि कतिपय व्यक्तिलाई सद्मार्ग चुन्न मद्दत मिल्ने देखिन्छ। चिन्तन शक्तिको विकास हुने, इमान्दारीपूर्वक कर्त्तव्य पालन गर्ने स्वस्थ मानसिकता विकास भई छलकपट र जालसाजी पूर्ण दूषित वातावरणको कमी हुने देखिन्छ ।

आजको आधुनिक युग वैज्ञानकि टेक्नोलोजी प्रयोग भइरहेको युग हो । यहाँ सानै उमेरदेखिका बालवालिकाहरू भौतिक तथा आधुनिकीकरणमा वढि टाँसिएका छन् । उनीहरू आफु कतातर्फ मोडिएका छौं भन्ने समेत पनि होश छैन । अभिभावकहरू पनि अति व्यस्तता र आधुनिकीकरणको फेसनमा ढल्दै गइरहेको कारणले आफ्ना सन्तानलाई राम्रो संस्कार दिन सकिरहेका छैनन् । कसैले राम्रो संस्कार दिन खोजेतापनि सन्तानले यसलाई स्वीकार्न सकिरहेका छैनन् । त्यसैले हाम्रो समाजमा विकृती र विसंगतीको हावा फैलँदै गएको देखिन्छ ।

त्यसोत आजका कतिपय वालवालिका, किशोर किशोरीहरूले राम्रो रचनात्मक क्षेत्रमा पनि प्रगति नगरेको पक्कै पनि होइन । उनीहरू जेहेन्दार र उन्नति पथतिर लम्कने प्रतिस्पर्धा पनि गरिरहेका छन् । यसको साथसाथै शील सदाचारपूर्ण परियत्ति शिक्षालाई पनि अंगाल्न सकेको खण्डमा सुनमाथि सुगन्ध हुने अवश्यम्भावी छ । दुबै प्रकारमा शिक्षालाई एकसाथ प्रयोग गर्दै लान सके लोभ, द्वेष, इर्ष्या जस्ता मनमा उब्जने भयानक दूषित शत्रुहरूलाई हटाई परिस्थित माया,ममता मैत्री र करूणा जस्ता सुमधुर वातावरण श्रृजना हुनेछ। फलस्वरूप एक आपसमा सुखदुख वाँडी मंगलमय जीवन विताउन सकिनेछ । यस्तो मंगल जीवन विताउन हामी समयमा नै सचेत र सम्वेदनशील बन्न आवश्यक भइ सकेको छ ।

यदि यसो गर्न सकिएन भने भोलीको दिन लोभ द्वेष र मोहको जालमा फसी त्यसबाट उम्कन नसकी



Downloaded from http://www.dhamma.digital

तँछाड, मछाडको समाज श्रृजना भई काटामार र हिंसात्मक वातावरण सृजना हुन बेर छैन । अनि शान्त र पवित्र बुद्ध जन्मभूमीमा जन्मेका शान्तीप्रेमी नेपालीहरू अशान्तिको भूमरीमा फँस्न वेर लाग्दैन ।

हाम्रो नेपाल सानो राष्ट्र भएपनि यो वहुमूल्य शिक्षा, धार्मिक एवं साँस्कृतिक कलाकौशल सम्पन्न देश हो । हामी समयमा सचेत हुन सकेनौ भने यहाँ पश्चिमी देशमा काम नलाग्ने रहन सहन, भेषभूषा र चलचलन भित्रिएर हाम्रो देशको वातावरण नै दूषित पार्न बेर लाग्दैन ।

त्यसैले समयमा नै हामीले हाम्रो सम्पदा र सभ्य समाजलाई जोगाउन तथागत बुद्धको अमृत बचन रूपी शिक्षाले युक्त परियत्ति शिक्षालाई अध्ययन गरी यसलाई जीवनमा अपनाउन सकौं । बुद्ध शिक्षालाई अपनाई सचेत र सजग बनी हामी नेपाली सबैले आफ्नो जीवनलाई मंगलमय पार्न सकौं । यसैमा हाम्रो कल्याण निहित रहेको छ । ❖

## त्रिशुलीं वोगु पौ

*सम्पादक महोदय,*
*धर्मकीर्ति,*

*त्रिशूली*
*१३ मंसीर २०६९*

***खँ छु धासा त्रिशुली थुउसी वर्षावास च्वनेत भिक्षु संघया केन्द्रीय कार्यालय विश्वशान्ति विहारे व आनन्दकुटी विहारे वनाः गुलि धयाःनं छम्ह हे भन्ते विज्याके मफयाः कथिन चीवर दान बीम्ह दाता जुइ धाम्ह उपासक तसकं सुख मदेका च्वन ।***

***थथे वर्षावास स्वला यात नं यैं देशं पिने वने मफैगु, सकल भन्तेपिं यैं यले हे जक च्वने न्ह्यागु । सुख सुविधा दुथाय् जक च्वने न्ह्यां । तर गाँ गामे सु नं वने मं मदु । थ्व खँ छत्वाःचा जानकारीया लागी च्वया च्वना । द्वं विद्वं दःसा क्षमा फोना च्वना ।***

*दुःखीम्ह प्रदीपरत्न शाक्य*

## मान्छे ! हाय ! कति निरीह र विवश तिमी ?

**✍ डा. गणेश माली**

जन्म्यौ कर्म वन्धनमा परी आफुले चाहे न चाहे पनि
हुर्क्यौ बाबू-आमाको इच्छामा अनि प्यारमा
सिमीको गेडा मलिलो माटोमा परी हुर्के सरी
हुर्क्यौं, बढयौ, खेल्यो रमाई रमाई
साथी संगीहरू संग मिली गार्यौ नाच्यौ
दुःख पर्दा घरी घरी अति नै रोयौ करायौ
छैन यहाँ तर तिम्रो आफ्नो भन्नु केही पनि
मान्छे ! हाय, कति निरीह विवश तिमी । (१)

आए दिन जवानीका बदल्यो शरिरले रङ्ग पनि
मन पनि बदलियो संगै आफूले चाहे न चाहे पनि
पऱ्यौ सामाजिक फन्दामा मेहनत गरी गऱ्यौ काम
खोज्यौ जीवन-साथी आफ्नै मन खुशीले रमी रमी
अझ कसिंदै गर्यौ वन्धन, पायौ सन्ततिहरू पनि
हुर्कायौ सन्ततिहरू सब अति नै दुःख कष्ट गरी
गऱ्यौ परिवार नियोजन आफ्नै सुखको लागि भनी
तर छैन यहाँ तिम्रो आफ्नो भन्नु केही पनि
मान्छे ! हाय, कति निरीह विवश तिमी (२)

वदलिए अझै तिम्रो शरीर अनि मन पनि
सेतिदै गए ती तिम्रा काला केशहरू पनि
दु खे दाँत फुक्लिंदै गए एक, दुइ गरी
आँखा भए कमजोर राम्ररी नसुन्ने कान पनि
मिल्यो संकेत सकिए तिम्रा जवानीका दिन भनी
तै पनि मनले बोकी आशा पिण्ड सकी न सकी
रगत पसिना चुहाई दौड्यौ यता उती घरी घरी
तर छैन यहाँ तिम्रो आफ्नो भन्नु केही पनि
मान्छे ! हाय, कति निरीह विवश तिमी ! (३)

सेताम्य भए सव केश झरि गए खल्वाट गरी,
दाँत रहेनन् वांकि एउटै, गुमाए आँखाले ज्योति पनि
कान भयो नसुन्ने शरिर वन्यो कुप्रो ढाड दुखी
हात गोडामा पीडा भो, जति औषधि गरे पनि
विलाए साथी संगी पाखा लाग्दै गए परिवार जन पनि
तै पनि लट्ठी टेकी टुकुटुकु हिड्दै गऱ्यौं यताउती
कुन आशाले हो कुन्नि थाहा छैन आफैलाई पनि
तर छैन यहाँ तिम्रो आफ्नो भन्नु केही पनि
मान्छे ! हाय, कति निरीह विवश तिमी ! (४)

रोग व्याधिहरू आई धेरै धेरै चारैतिर वाट अव
अघि पनि आए होलान् ती, अनेक पटक गरी
औषधि-मूलो गऱ्यौ अनेक लागेन आखिर रति पनि
मुटु भयो वन्द, भयो शून्य मन-मस्तिष्क पनि
लड्यौ भूमिमा हाय, सुकेको पातहीन मुढो सरी
दन दन बल्यो श्मसानमा शरिर भयो खरानी एक मुठी,
यताउती माटोमा विलाई गयो आखिर तेही पनि
छैन, छैन तिम्रो आफ्नो भन्नु यहाँ केही पनि
मान्छे ! हाय, कति निरीह विवश तिमी ! (५)



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

गतिविधि

## शाक्यधिता नेपालको वार्षिक प्रतिवेदन

*प्रस्तुती– इन्द्रावती गुरुमां*

शाक्यधिता नाम गरेको अन्तरराष्ट्रिय संस्थाले संचालित विभिन्न कार्यक्रम नेपालमा पनि शुरू गर्ने उद्देश्यले धर्मकीर्ति विहारमा मिति २०६७ वैशाख १८ गते पहिलो वैठक सम्पन्न गरिएको थियो। पूज्य धम्मवती गुरूमाँको अध्यक्षतामा सम्पन्न उक्त वैठकमा ३ वर्षको लागि ११ जना सदस्यहरू सहभागी हुने गरे यसरी कार्य समिति गठन गरियो।

*अध्यक्ष* – पूज्य धम्मवती गुरुमां
*उपाध्यक्ष* – डा. सुमन कमल तुलाधर
*सचिव* – इन्दावती गुरुमां
*सहसचिव* – कीर्ति तुलाधर
*कोषाध्यक्ष* – प्रफुल्ल कमल ताम्राकार
*कार्यकारिणी सदस्यहरू–*

नानीकेशरी वज्राचार्य, अमीर कुमारी शाक्य, अम्विका श्रेष्ठ, उर्मीला ताम्राकार, सरोज मानन्धर र सुभद्रा स्थापित।

यी ११जनाकोकार्य समितिबाट पनि ५ जना सदस्यहरू अन्तर्राष्ट्रिय सदस्यको रूपमा यसरी चयन गरिएको थियो– अध्यक्षः पूज्य धम्मवती गुरुमां, उपाध्यक्षः डा. सुमन कमल तुलाधर, सहसचिवः कीर्ति तुलाधर, सचिवः इन्दावती गुरुमां, का.सदस्य नानी केशरी वज्राचार्य।

शाक्यधिता विषयमा जानकारी दिने उद्धेश्यले उपाध्यक्ष डा.सुमन कमल तुलाधरले २०६७ कार्तिक ६ गते शनिवारका दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको कक्षामा विस्तृत विवरण प्रकाश पार्नु भएको थियो।

शाक्यधिता नेपालका कार्यहरू व्यवस्थित रूपमा संञ्चालन गर्न एक कार्यालयको आवश्यकता महशुस गरि धर्मकीर्ति संरक्षण कोषलाई निवेदन गरिएनुसार २०६७ पौष १५ गतेको पत्र अनुसार दि. सुमित्रा गुरूमां रहँदै आउनुभएको कित्ता नं १७२ वडा नं १५ स्थित किण्डोल बहाः परिक्षण काल स्वरूप ३ वर्षको लागि प्रयोग गर्न स्वीकृति प्रदान गरिएको थियो। शाक्यधिता नेपाल र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संयुक्त आयो जनामा, सहसचिव कीर्ति तुलाधरको संयोकत्वमा मिति २०६७ मंसिर २५ गते ऐतिहासिक किण्डोल बहाःमा बुद्ध पूजा र सरसफाई कार्य सम्पन्न गरियो।

२०६७ माघ २२ गते सचिव इन्दावती गुरुमांको संयोजकत्वमा सरोज मानन्धरले धर्मकीर्ति विहारमा हस्तकला प्रशिक्षण दिनुभएको थियो। सोही मितिमा भिक्षु उत्तमोबाट बालबालिकाहरूलाई चित्रकला प्रशिक्षण दिनुभएको थियो।

शाक्यधिता नेपाल र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संयुक्त आयोजनामा २०६७ फागुण १४ का दिन सदस्य सुमन वज्राचार्यको संयोजकत्वमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको प्रत्येक शनिवार कक्षामा ध्यान भावना अभ्यास गराइएको थियो।

बनेपा ध्याकुटीविहार स्थित मेत्ता सेन्टरका वालिका आश्रमका वालिकाहरूलाई शाक्य धिता नेपालको सदस्य लिसा रञ्जितको संयोजकत्वमा सरोज मानन्धरले हस्तकला सम्बन्धी तालिम दिएको थियो। शाक्यधिता नेपालका अन्य सदस्यहरू पनि सहभागी भई संचालन गरेको उक्त कार्यक्रममा १७ जना वालिकाहरूले तालिम लिएका थिए।

वि.सं. २०६८ बैशाख २४ गते शाक्यधिता नेपालको लागि आवश्यक ब्रोसर तयार गरियो।

थाइलैण्डको बैंककमा सञ्चालित एक हप्ते (२०६८ जेष्ठ २९ गते असार ४ सम्म) बाऱ्हौं अन्तर्राष्ट्रिय सम्मेलनमा शाक्यधिता नेपालबाट मेत्तावती गुरुमां, सुखवती गुरूमां, नानीकेशरी वज्राचार्य र विद्या शाक्य समेत गरि ४ जना सदस्यहरू सहभागी रहनु भएका थिए।

शाक्यधिता नेपाल र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संयुक्त आयोजनामा २०६८ भाद्र ३ गते विजय तुलाधरको संयोजकत्वमा कपन गुम्बामा धार्मिक भ्रमण तथा बैठक पनि सम्पन्न भएको थियो। यस कार्यक्रममा जम्मा १३० जना श्रद्धालु उपासकोपासिकाहरूको सहभागिता रहेको थियो।

कुनै पनि संस्था सुचारूपले संचालन गर्नका लागि विधानको आवश्यकता रहने भएकोले वि.सं २०६८ भाद्र



Downloaded from http://www.dhamma.digital

१७ का दिन सम्पन्न बैठकमा शाक्यधिता नेपालको विधान तयार गर्ने निर्णय गरियो ।

२०६८ भाद्र २७ र २८ गते अम्विका श्रेष्ठको संयोजकत्वमा महिला स्वनेतृत्व विकास एवं आत्म पहिचानको विषयमा डा. नानीमैंया भण्डारीले तालिम दिनु भएको थियो । प्रव्रजित गुरूमांहरू लगायत अन्य गृहस्थ महिलाहरू समेत गरि जम्मा ५० जना प्रशिक्षार्थीहरू उक्त कार्यक्रममा सहभागी रहनु भएका थिए ।

२०६८ भाद्र ३१ गतेका दिन नानी केशरी वज्राचार्यको संयोजकत्वमा श्रीमती अनुपा श्रेष्ठद्वारा ३३ जना युवायुवतीहरूलाई युवा नेतृत्व र संचार विषयक तालिम दिनुभएको थियो ।

शाक्य धिता नेपालका अध्यक्ष धम्मवती गुरुमांको व्यस्तता एवं अस्वस्थताको कारणले गर्दा २०६८ माघ १४ गते शनिवारका दिन धर्मकीर्ति विहारमा यस बसेको बैठकले पारित गरेको निर्णयानुसार यस संस्थाको कार्यकारिणी समितीका यसरी हेरफेर गरिएको थियो–

*धम्मानुशासक* – पूज्य धम्मवती गुरुमां
*अध्यक्ष* – श्रद्धेय मेत्तावती गुरुमां
*उपाध्यक्ष* – डा.सुमन कमल तुलाधर
*सचिव* – इन्दावती गुरुमां
*सहसचिव* – कीर्ति तुलाधर
*कोषाध्यक्ष* – प्रफुल्ल कमल ताम्राकार
*सदस्यहरू* – नानी केशरी वज्राचार्य, अमिर कुमारी शाक्य, सुभद्रा स्थापित, सरोज मानन्धर, उर्मीला ताम्राकार र अम्बिका श्रेष्ठ ।

२०६८ फागुण १० गतेका दिन धर्मकीर्ति विहारमा शाक्य धिता नेपालले Meeting Procedure तालिमको आयोजना गरेको थियो । प्रफुल्ल ताम्राकारको संयोजकत्वमा सञ्चालित उक्त कार्यक्रममा कीर्ति तुलाधरले १४ जना सदस्यहरूलाई तालिम दिनुभएको थियो ।

२०६८ फागुण २८ गते बसेको बैठकको निर्णयानुसार यस संस्थाको वचत रकम गणपति वचत ऋण सहकारी संस्था बाँगेमुढामा खाता खोल्ने निर्णय गरियो ।

२०६८ पौष १४ गते नेपाललाई मिति २०६८ माघ ५ गतेका दिन नेपाल सरकारको गृहमन्त्रालय अन्तरगत जिल्ला प्रशासन कार्यालयमा दर्ता गरि दर्ता नं ७३५ कायम गरिएको थियो । यसरी नै मिति २०६८ माघ १३ का दिन शाक्यधिता नेपाललाई समाज कल्याण परिषदमा आवद्धता नं. ३४२४५ द्वारा आवद्ध गरिएको कुरा जानकारी गराइन्छ । मिति २०६८ माघ २६ र २७ गतेका दिन यस संस्थाले तातो पानी भ्रमणको रूपमा धार्मिक भ्रमण कार्यक्रम सम्पन्न गरियो । माघ २६ गते बाऱ्हविसे चैत्य परिसरमा बुद्ध पूजा कार्यक्रम संचालन गरी मेत्तावती गुरूमांले धर्मदेशना गर्नुभएको थियो । माधुरी शाक्यको संयोजकत्वमा संचालित यस भ्रमण कार्यक्रममा जम्मा ३५ जना उपासक उपासिकाहरू सहभागी भएका थिए । यसरी नै दोश्रो पटक २०६९ वैशाख ११ र १२ गते गरि दुईदिने तातो पानी भ्रमण कार्यक्रम संचालन गर्दा जम्मा २५ जना उपासको पासिकाहरू सहभागी भएका थिए ।

मिति २०६९ बैशाख १९ गतेका दिन अन्तर्राष्ट्रिय शाक्यधिता संस्था मार्फत विक्की गोटिङ्ग र आयला गोतिङ्ग नाम गरेका आमा छोरीहरू २ जना पाहुनाका रूपमा धर्मकीर्ति विहारमा आउनु भई सुमन कमल तुलाधरको संयोजकत्वमा अग्रेजी भाषा सिक्न चाहने गुरुमांहरूलाई एक हप्ते अंग्रेजी भाषा सम्वन्धी प्रशिक्षण दिनुभएका थिए ।

शाक्यधिता नेपालको भावी कार्यक्रम यसरी रहेका छन् –

(१) सिद्धार्थ कुमार (भावी बुद्ध) को जन्मस्थान लुम्विनीमा अन्तर्राष्ट्रिय सम्मेलन सञ्चालन गर्ने
(२) शाक्यधिता नेपालको बैठक संचालन गर्नको लागि किण्डोल वहाः स्थित दि. सुमित्रा गुरूमांको विहारमा Truss बनाउने ।

*(यस प्रतिवेदन मिति २०६९ आश्विन २० गते धर्मकीर्ति विहारमा सञ्चालित शाक्यधिता नेपालको प्रथम वार्षिक साधारण सभामा प्रस्तुत गरिएको थियो ।)*

❖

**धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रको लागि सहयोग**

प्रकाशवीर सिंह तुलाधर, लाजिम्पाटबाट रु. ६,०००/– (प्रत्येक पटक रु. १५००/– गरी चार पटक) प्राप्त भएको छ ।



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## पनौतिमा दोस्रो कठिन दान सम्पन्न

काभ्रे जिल्लाको ऐतिहासिक नगर पनौती नगरपालिकामा अवस्थित बुद्ध विहारमा दोस्रो पटक कठिन दान सम्पन्न भएको छ ।

मंसीर ४ गते भएको कठिन दान कार्यक्रममा संघनायक भिक्षु अश्वघोष महास्थविरले उपासक उपासिकाहरूलाई पञ्चशील प्रार्थना गराउनु भई कठिन दान महोत्सवको महत्व एवं बुद्ध शासनको महिमाको बारेमा प्रकाशन पार्नु हुँदै भगवान बुद्धको ज्ञान सम्पूर्ण मानवलाई असल बाटोमा लगाउने शिक्षा भएकोले सम्राट अशोक जस्तो क्रुर व्यक्ति पनि असल मानिस हुन पुगेको बताउनु भएको थियो । यस बुद्धको शिक्षा भनेको सैद्धान्तिक पक्षमा नभई व्यवहारिक पक्षमा समर्पित भएर अगाडि बढ्न सके सबैको कल्याण हुने र आफूलाई पनि शान्ति मिल्ने बताउनु भयो ।

कठिन दान कार्यक्रमको सञ्चालन भिक्षु भद्दिय महास्थविरले गर्नुभएको थियो ।

बुद्ध विहार संरक्षण समितिको अगुवाईमा लगभग ८० हजारको लागतमा विहारको मर्मत सम्भार गरिएको विषयमा बुद्ध विहार संरक्षण समितिका सचिव पुष्प रञ्जन नेवाले प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रममा १६ जना उपासक उपासिकाहरूले अष्ट परिष्कार दान गर्नु भएको थियो ।

गत वर्ष वर्षावास बस्नुभएका भिक्षु रेवत कीर्ति नै यस वर्ष पनि वर्षावास बस्नु भएको थियो ।

## बाबा साहेब डा. अम्बेडकरको ५६ औं बार्षिक पूण्यतिथिको संस्मरण

*२०६९ मंसीर २१ बिहीवार ।*

भारत रत्न, भारतीय संविधान निर्माता, दलित वर्गका, नेता, बाबा साहेब डा. भीमराव रामजी अम्वेडकरको ५६ औं वार्षिक पूण्य तिथि संस्मरण गरी बुद्धपूजा र प्रवचन कार्यक्रम सम्पन्न गरिएको समाचार छ । अनुपमा गुरूमांको प्रमुख अतिथ्यमा नगदेश बौद्ध समूहको आयोजनामा संचालित उक्त कार्यक्रममा पञ्चशील प्रार्थना पश्चात् बुद्धपूजा गरिएको थियो । अनुपमा गुरुमांले धर्मदेशना गर्नु भएपछि समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले बाबासाहेब डा. भीमराव अम्वेडकरले भारतमा बुद्ध धर्म पुनरूत्थान कार्यमा पुऱ्याउनु भएको योगदान विषयमा प्रकाश पार्नुभएको थियो । उक्त सभा समूहका अध्यक्ष उपासक न्हुच्छे कुमार सिंकेमनको अध्यक्षतामा सम्पन्न गरिएको थियो ।

स्मरणिय छ उक्त दिन बुद्धपूजा कार्यक्रम शुरू गर्न आगवै प्रव्रजित गुरूमांहरूको एक समूहले मध्यपुर थिमि नगर, ४,५ र ६ स्थित ऐतिहासिक साँस्कृतिक नगरी नगदेशको टोल टोलमा भिक्षाटन गर्नुभएको थियो । सो भिक्षाटन कार्यबाट चामल ९० पाथी र नगदी जिन्सीबाट रु. २४, ५०४/- रूपैयां दान प्राप्त भएको थियो। अन्त्यमा सामूहिक पूण्यानुमोदन एवं परित्राण पाठ गरी सभा सम्पन्न गरिएको थियो ।

भिक्षाटनमा सहभागी हुनुभएका प्रव्रजित गुरूमांहरूलाई नगदेश बुद्ध विहारमा भोजन दान गरिएको थियो ।

## आँखा दान

मध्यपुर थिमि नगर १०, नासःननी टोल निवासी उपासिका ज्ञानीमाया, शंखदेव प्रजापति २०६९ मंसीर १८ सोमवार देहावसान हुनुभए पछि तिलगंगा आँखा प्रतिष्ठानका शंख नारायण त्वायना हस्ते दुबै आँखाका नानी दान गर्ने कार्य सम्पन्न भएको थियो । दान गरि एका ती आँखाहरू मध्ये एक आँखा पूर्वी नेपालको ऐतिहासिक नगरी "राजविराज" निवासी ३३ वर्षिय तेलेगु शाह थरकी युवतीलाई सफल प्रत्यारोपण गरियो भने अर्को आँखा मित्रराष्ट्र छिमेकी मुलुक भारतका मोती हारी निवासी ४५ वर्षिय "पटेल" थरका प्रौढ व्यक्तिलाई सफल प्रत्यारोपण गरिएको कुरा बुझ्िन आएको छ ।

८० वर्षिय पाको उमेरमा देशावसान हुनुभएकी उपासिका ज्ञानीदेवीको सद्गती प्राप्त होस् भनी नगदेश बौद्ध समूहले कामना गरेको कुरा समाचारमा उल्लेख गरिएको छ ।

## भिक्षु सोभितको ३१ औं प्रव्रज्या दिवस

*२०६९ मंसीर ३०, गण महाविहार ।*

ऐतिहासिक गण महाविहारका प्रमुख श्रद्धेय भिक्षु सोभित महास्थविरको ३१ औं प्रव्रज्या दिवसको उपलक्ष्यमा



Downloaded from http://www.dhamma.digital

उहाँको सुस्वास्थ्य दीर्घायु कामना गरी विभिन्न कार्यक्रमहरू संचालन गरिएको समाचार प्राप्त भएको छ। उक्त कार्यक्रममा थेरवादी बुद्धधर्म प्रचार प्रसार एवं उत्थान तथा संरक्षण गर्न आफ्नो सम्पूर्ण जीवन समर्पण गर्नुहुने पूजनीय भिक्षु मैत्री महास्थविर र नेक्खमी गुरूमां को योगदानलाई कदर गरी अभिनन्दन तथा सम्मान कार्यक्रम-२०६९ पनि आयोजना गरिएको थियो । धम्म विजय पदनम गण महाविहारद्वारा आयोजित उक्त कार्यक्रममा श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविर र श्रद्धेय भिक्षु मैत्री महास्थविरलाई गुरूपूजा गरिएको थियो भने बुद्ध धर्म उत्थान तथा संरक्षण गर्न योगदान पुऱ्याउनु हुने रामकृष्ण वैद्य, हेमवहादुर शाक्य, शान्तमान शाक्य, शाक्य सुरेन, लाभरत्न तुलाधर र रीना तुलाधरलाई सम्मान गरिएको थियो ।

यही उपलक्ष्यमा मंसीर २९ गते वीर अस्पतालमा विरामीहरूलाई विस्कुट तथा फलफुल वितरण गरिएको र नेपाल आदर्श विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री पनि वितरण गरिएको कुरा प्राप्त समाचारमा उल्लेख गरिएको छ ।

## श्रीघः व थानकोट शुभमंगल विहारय् कठिन दान

*२०६९ मंसीर १ गते शुक्रवार ।* श्रीघः विहारे श्रद्धेय गौतम भन्ते वर्षावास पूवंका विज्यागु लसताय् लक्ष्मी नानी न्यत पुचः धर्मकीर्ति विहार पाखें पवित्र कठिन चीवर भिक्षु संघयात लःल्हःगु खः । ६५ म्ह दातापिंसं ६५ ज्वः अष्टपरिस्कार दान याःगु समाचारय् उल्लेख जुयाच्वंगु दु।

श्रद्धेय भद्दिय भन्ते नं शील प्रार्थना याका बिज्याःगु उगु ज्याभ्वले संघनायक भिक्षु अश्वघोष महास्थविर धर्मदेशना यानाबिज्यागु खः ।

उगु ज्याभ्वले धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन पाखें ज्ञानमाला भजन प्रस्तुत जूगु खः । लक्ष्मी नानी न्यत पुचः पाखें उगु ज्ञानमाला भजन पुचःयात रू. ५०००/– दां सहयोगया रूपय् चन्दा प्रदान याःगु खँ बुखँय् उल्लेख जुयाच्वंगु दु । अथेहे थानकोट शुभमंगल विहारे धर्मकीर्ति ज्ञानमाला भजनया सह कोषाध्यक्ष अनीता शाक्य पाखें कथिन चीवर दान यानादीगु लसताय् वयकलं धर्मकीर्ति ज्ञानमाला भजनयात रू २५००/-दां व भजन सामान तयत् व्याग न्यागः नं प्रदान यानादीगु बुखँ प्राप्त जूगु दु ।

## पद्मकीर्ति विहारे भजन

*ने.सं. ११३२ कछलागा पारू, दुतिया, तृतिया* गते स्वन्हुयंकं कमलपुखू पद्मकीर्ति विहार प्रमुख श्रद्धेय कमला गुरूमां या भिं बुदिँया लसताय् भिक्षु महासंघपाखें महापरित्राण पाठ व अष्टपरिकार दान जूगु ज्याभ्वले धर्मकीर्ति ज्ञानमाला भजन न्ह्यब्वःगु खः । उगु ज्या भ्वलय् भिं उसाँय् ताः आयुया आशिका यासे श्रद्धेय् कमला गुरुमांयात लुमन्ति चिं कथं "शान्ति चैत्य" (धर्मया चैत्य) पूज्य धम्मवती गुरूमां पाखें लःल्हाना बिज्यागु खः ।

## हाँडिगाउँमा बुद्धपूजा र धर्मदेशना

हाँडिगाउँ, रूद्रमती मार्ग स्थित निर्माणाधीन नरः बुद्ध विहारमा स्थानीयवासीहरू भेला भइ २०६९ साल आषाढ पूर्णिमाका दिन धर्मचक्र प्रवर्तन दिवस मनाए देखि हरेक पूर्णिमाका दिन बुद्ध पूजा र धर्मदेशना कार्यक्रम संचालन हुँदै आएकोमा मिति २०६९/८/१३ सकिमला पूर्णिमाका दिनमा उपासक श्री श्यामलाल चित्रकारको अगुवाईमा बुद्ध पूजा र धर्मदेशना कार्यक्रम सम्पन्न भयो । निर्माणाधिन विहार भवनको कार्य प्रगतिमा सुस्तपना महसूस भई रहेको अवस्थामा सवैको हौसला र सहयोगमा निरन्तरता कायम गर्न भगवान बुद्धको पूर्व जन्मको चूलसेट्ठि जातक कथा वारे श्री चित्रकारले चर्चा गर्नु भयो ।

**अप्पकेनपि मे धावी पा भतेन विचक्खणो ।**
**समुट्ठापेति अत्तानं, अणुं अग्गिंव सन्धम न्ति ॥**

*अर्थ–* दक्ष र मेधावीले अलिकति आगोमा फुकेर धेरै बनाए जस्तै अलिकति मूल धनवाट धेरै उन्नति गर्दछ ।


उक्त कथामा एक जना गरिब मान्छेले वाटोमा पाएको एउटा मरेको मुसा लिएर विरालो पाल्ने कहाँ लगेछ र उसले दिएको एक कार्षापणको आठ भागको एक भाग पैसाले खेलो गरी थोरै समयमा नै त्यो गरिब मान्छे आफ्नो मेहनत, चलाकी र इमान्दारीको कारणले वाराणसी देशका सेठ भयो । भगवान बुद्धको शिक्षावाट प्रेरणा लिई बलियो संगठन सहि हिसाब किताब, इमान्दारिता, मेहनत र परिश्रम भएमा यस विहार निर्माण छिटो सकिने कुरामा विश्वास दिलाउनु भयो ।

यस कार्यक्रमको संचालन उपासक श्री तिर्थ वहादुर बज्राचार्यले गर्नु भएको थियो ।



Downloaded from http://www.dhamma.digital

# माता पिताको पूण्यस्मृतिमा मंगलकार्य सम्पन्न


परित्राण पाठ श्रवण गर्दै उपासकोपासिकाहरू

*२०६९ मंसिर ३० गते, शनिवार।*

उपासक वखतबहादुर चित्रकार प्रमुख सपरिवारले उहाँका दिवंगत पिता कृष्णवहादुर तथा माताहरू वेलावती, भद्रमाया र चिनी मायाको पूण्यस्मृतिमा इन्द्रायणी मन्दिर छेऊको विष्णुमती नदी किनारमा अशोक चैत्य निर्माण गरी सो चैत्य भित्र बुद्ध प्रतिमा स्थापना गर्नु भएको थियो । वि.सं. २०६२ भाद्र १८ गते स्थापित उक्त मन्दिर परिसरमा उपासक वखतबहादुरले आफ्ना दिवंगत माता पिताको पूण्य स्मृतिमा भिक्षु भिक्षुणीहरूको तर्फबाट प्रत्येक वर्ष परित्राण पाठ, धर्मदेशना, दान प्रदान एवं पूण्यानुमोदन गर्ने कार्यक्रम सञ्चालन गर्दै आउनु भएको थियो।


बिष्णुमती नदी किनारमा निर्मित अशोक चैत्य भित्र स्थापित बुद्ध मूर्ति

सोहि कार्यक्रम अनुसार गत महिना मिति २०६९ मंसिर ३० गते शनिवारका दिन पनि उक्त स्थानमा संघाराम विहारका श्रद्धेय भन्ते लगायत धर्मकीर्ति विहारका श्रद्धेय गुरुमांहरू त्यागवती र वीर्यवतीको तर्फबाट सामूहिक परित्राण पाठ सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा वीर्यवती गुरुमांले दिवंगत माता-पिताको पूण्य स्मृतिमा पूण्य कार्य गरी पूण्यानुमोदन गर्नु सबै छोराछोरीहरूको कर्त्तव्य एवं मंगलकार्य भएको विषयमा धर्मदेशना गर्नुभएको थियो ।

धर्मदेशना पश्चात् दानप्रदान एवं पूण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



*जन्म :*
*वि.सं. १९८८ भाद्र ५*
*गते, शुक्रवार*

*दिवंगत :*
*२०६९ मंसिर १२*
*चतुर्दशी मंगलबार*

# दि. तारादेवी तुलाधर

धर्मकीर्ति स्वास्थ्य कमिटीया संयोजक धर्मकीर्ति पत्रिकाया विशेष सदस्य, धर्मकीर्ति संरक्षण कोषया आजीवन सदस्य तारादेवी तुलाधर ८१ दँया वैशय् खँ ल्हाल्हां आकाभ्काकां दिवंगत जुयादिल। नेपालय् दकलय् न्हापांम्ह मिसाम्ह हिदाताया नामं नां जाःम्ह समाजसेवी वय्कलं वि.सं. २०१० सालय् भारत इलाहावादया कमला नेहरू मेमोरियल हस्पिटलय् डिप्लोमा इन मिडवाइफरी ब्वना दिलसा न्हू दिल्लीया एडविन हस्पितलय् नर्सिङ्ग तालिम कयाः कलेज अफ नर्सिङ्गय् पोष्ट ग्राजुएट जुयादीम्ह खः। महाबौद्ध नर्सिङ्ग क्याम्पसया क्याम्पस चीफ जुयादी धुंकूम्ह वय्कः टिचिङ्ग अस्पतालय् सुपरभाइजर जुयाच्वंगु इलय् वि.सं २०४७ सालय् सेवा पाखें स्वैच्छिक अवकाश कयादीगु खः। थ्वयां लिपा वय्कलं धर्मकीर्ति विहारं संचालन याःगु स्वास्थ्य सेवा क्षेत्रय् अमूल्य योगदान बियाः पूण्य संचय यानादीगु दु। वयकःया अमूल्य योगदानयात स्मरण यासे व वयकःया सुगति कामना यासे पूण्यानुमोदन याःगु दु।

## धर्मकीर्ति पत्रिका

### धर्मकीर्ति विहार परिवार

श्रीघः नःघः यैं नेपाल।

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | फ्याक्सः ४४३३९२९ | newnepalpress@gmail.com
व्यापारिक कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५० | फ्याक्सः (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY



निर्वाण मूर्ति किम्डोल विहारमा स्थापित बुद्ध मूर्ति

वर्ष-३०; अङ्क-९

बु.सं. २५५६, योमरि पुन्हि

Downloaded from http://www.dhamma.digital

# अभिनन्दन समारोह




*अभिनन्दन समारोह सञ्चालन भइरहेको एक दृष्य*

*२०६९ पौष ७ गते शनिवार*
*स्थान- निर्वाणमूर्ति विहार, किण्डोल, स्वयम्भू ।*

डा. मोलिनी गुरुमांद्वारा बुद्ध शासन चीरस्थायी गर्न अतुलनिय योगदान पुऱ्याउनु भएको कार्यलाई कदर गर्दै स्यानमार सरकारबाट उहाँलाई "गन्थवाचक पण्डित" उपाधिले विभूषित गरिएको र डा. धम्मविजया गुरुमां बुद्धशासनमा प्रव्रजित हुनुभएको २५ वर्ष भएको आदि गरी यी दुईवटा सुखद उपलक्ष्यलाई लिई पौष ७ गते निर्वाण मूर्ति विहार किण्डोल परिवारले मा. विज्ञान प्रविधि तथा वातावरण मन्त्री श्री केशवमान शाक्यको प्रमुख आतिथ्यमा दुवै गुरुमांहरूलाई एक समारोह आयोजना गरी अभिनन्दन गरिएको छ ।


कार्यक्रममा संघनायक भिक्षु अश्वघोष महास्थविर, अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष भिक्षुणी धम्मवती, स्यानमार राजदूत, श्रीलंका राजदूतावासका काउन्सुलर लगायत भिक्षु भिक्षुणी संघ र विभिन्न महानुभावहरूको उपस्थिति रहेको थियो । साथै उक्त कार्यक्रममा "**भिक्षुणीद्वय डा. दो. मोलिनी, डा. धम्मविजया अभिनन्दन**" स्मारिकाको सामूहिक रुपमा विमोचन गरिएको थियो ।

# मैत्री सूत्र पाठ

*२०६९ मंसिर ३० गते, शनिवार*
*स्थान- निर्वाण मूर्ति, विहार, किण्डोल, स्वयम्भू ।*

यसदिन निर्वाण मूर्ति विहार किण्डोलमा प्रव्रजित गुरुमांहरूको तर्फबाट ७ घण्टा (विहान ८ बजे देखि दिउँसो ३ बजे सम्म) निरन्तर मैत्री सूत्र पाठ गरी दिवंगत व्यक्तिहरूको पूण्य स्मृतिमा पूण्यानुमोदन गरिएको थियो ।

यस लोकबाट दिवंगत भई परलोक गएका प्राणीहरूका लागि दिन मिल्ने एउटा मात्र उपकारी उपाय पूण्य मात्र हो । दिवंगत भई गति परिवर्तन भइसकेका प्राणीहरूको सुख शान्ति एवं उद्धार हेतु निर्वाण मूर्ति विहारबाट संचालन गर्दै आइरहेको यस कार्यक्रमले यसपाली पाँचवर्ष पूरा गरेको बुझिएको छ ।



*मैत्री सूत्र पाठ श्रवण गर्नुहुँदै उपासकोपासिकाहरू*

Downloaded from http://www.dhamma.digital